का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ वैशाख २०७९,
आइतबार
8 May 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न



सत्ता गठबन्धन

# शीर्ष नेताहरुमा छटपटी !

मतदानको दिन नजिकिँदै जाँदा सत्ता गठबन्धनका शीर्ष नेताहरुबाट चेतावनीको भाषा प्रयोग हुनु साझा उम्मेदवारलाई भोट आउँदैन कि भन्ने त्रासको उपज भएको जानकारहरु बताउँछन् ।



म्याग्दीको मालिका गाउँपालिका-५ देविस्थानमा नेकपा माओवादी केन्द्रले आयोजना गरेको चुनावी सभाका सहभागी । फाइल तस्वीर: रासस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ वैशाख ।

पाँच दलीय सत्तागठबन्धन देशब्यापी चुनावी प्रचारमा छ । कतै एक्ला एक्लै त कतै संयुक्त चुनावी सभा गरिरहेका सत्ता गठबन्धनका स्थानीय कार्यकर्ता र शीर्ष नेतृत्वको अभिव्यक्तिमा फरकपन कायमै छ।

दिएको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को अभिव्यक्तिमा चेतावनीयुक्त भाषाको प्रयोग हुन थालेको छ।

बिहीबार चितवनमा भएको संयुक्त सभालाई सम्बोधन गर्दै प्रचण्डले गठबन्धनका तर्फबाट भरतपुर महानगर पालिकाको मेयरका उम्मेदवार रेनु दाहाल र उपमेयरका

> संघीयता शक्तिको विकेन्द्रीकरण हो भने राजनीतिक दलका स्थानीय तहले उम्मेदवार चयन गर्न पाउनुपर्दथ्यो । त्यसो हुन सकेन । अझ केन्द्रीय हस्तक्षेप नहोस् भन्नेलाई कारबाही गर्नु व्यवस्थाको चरम विपक्षमा छ ।
>
> **बिष्णु दाहाल**
> राजनीतिक विश्लेषक एवं अध्यापक

गठबन्धन गरेर पनि ६५० स्थानीय तहको नेतृत्वमा उम्मेदवारी दिएको नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र ४६४ स्थानीय तहको नेतृत्वमा उम्मेदवारी

उम्मेदवार चित्रसेन अधिकारीले जित्नुपर्ने अन्यथा देश दुर्घटनामा जान सक्ने भनी नेता/कार्यकर्तालाई चेतावनी दिए ।

प्रचण्डको अभिव्यक्तिका कारण कांग्रेस कार्यकर्ता बिच्किएको आंकलन कतिपय गरिरहेका बेला शुक्रबार काठमाडौंमा भएको संयुक्त सभालाई सम्बोधन गर्दै कांग्रेस सभापति देउवाले भरतपुरकै चर्चा गरे । उनले रेनु दाहाललाई उम्मेदवार बनाउन आफैंले प्रस्ताव गरेको भन्दै मतदानका लागि आग्रह गरे ।

शनिबार जनकपुरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै सभापति देउवाले गठबन्धनलाई अब पराजित हुने छुट नभएको जिकिर मात्रै गरेनन् सत्तारूढ गठबन्धनविरुद्ध बोल्ने पार्टीका नेता कार्यकर्तालाई कारबाही गर्ने चेतावनी दिए ।

नेता/कार्यकर्तालाई चेतावनी दिँदा देउवाले भगवानलाई सम्झिए । 'यो भगवान राम-सीताको गठबन्धन भएको पवित्र ठाउँ हो । यहाँ हाम्रो गठबन्धन कमजोर हुँदैन । अहिले देशभरि गठबन्धनको पक्षमा यस्तो माहोल बनेको छ कि त्यो भनेर साध्य छैन,' देउवाले भने ।

गठबन्धनभित्र रहेको असन्तुष्टीतर्फ इंकित गर्दै उनले भने, कतै कतै असन्तुष्टि होलान् तर हामी सबै अनुशासनमा बस्नुपर्छ। गठन्धनको विरोध सह्य हुँदैन । गठबन्धनविरुद्ध बोल्नेलाई पनि पार्टीले कारबाही गर्छ। धेरैलाई गरिरहेको पनि छ ।'

चितवनमा देखिएकाने समस्या समाधन भैसकेको उनको जिकिर छ । 'गठबन्धनमा कहिँकतै समस्या छैन। चितवनमा अलि अलि समस्या देखिएको थियो तर अहिले सबैलाई हावा खाइसके ।

– बाँकी पृष्ठ २ मा

# देउवालाई गठबन्धन मोह

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ वैशाख ।

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले पुन गठबन्धनको विरोध गर्नेलाई कारबाही हुने बताएका छन् । शनिबार जनकपुरमा आयोजित ५ दलीय गठबन्धनद्वारा आयोजित सभालाई सम्बोधन गर्दै उनले गठबन्धनको




विरुद्धमा बोल्ने र पार्टी बाहिर गएर उम्मेदवारी दिनेहरूका लागि पार्टीमा कुनै स्थान नहुने समेत बताएका हुन् ।

'लोकतन्त्र संस्थागत गर्नका लागि गरिएको गठबन्धन विरुद्ध बोल्ने वा पार्टी बाहिर गएर उम्मेदवारी दिनु सह्य हुनेछैन' उनले भने । प्राप्त अधिकार संस्थागत गर्न र निरंकुश तथा तानाशाह प्रवृत्तिलाई अन्त्य गर्नका लागि गठबन्धनलाई विजयी बनाउनु आवश्यक

– बाँकी पृष्ठ २ मा

निर्वाचन आयोग

# स्पष्टीकरण सोध्न व्यस्त

चुनावी प्रचारप्रसारलाई नियालिरहेको निर्वाचन आयोग प्राप्त उजुरी र आफैंले पाएको सूचना/जानकारीका आधारमा सम्बन्धित पक्षलाई स्पष्टीकरण सोध्नमा व्यस्त देखिन्छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ वैशाख ।

मतदान हुन केही दिन बाँकी रहँदा चुनावी प्रचार ब्यापक भएको छ । यो बेला उत्तिकै रुपमा निर्वाचन आचारसंहिता पनि बढेको निर्वाचन आयोगका अधिकारीहरु बताउँछन् । आचारसंहिता उल्लङ्घनको घटना बढेपछि आयोग स्पष्टीकरण सोध्न व्यस्त छ ।

पछिल्लो समय आयोगले राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष र सोही आयोगका चितवन जिल्ला अध्यक्ष तथा विभिन्न संस्थालाई निर्वाचन आचारसंहिताविपरीत कार्य गरेको जनाउँदै तीन दिनभित्र स्पष्टीकरण पेश गर्न पत्र पठाएको छ।

भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्का र भूमि आयोग चितवन जिल्ला समितिका अध्यक्ष बद्री तिमिल्सिनालाई विभिन्न अनलाइन सञ्चारमाध्यममा 'भरतपुरमा मतदाता प्रभावित पार्न बाँडियो निस्सा, आचारसंहिता उलंघनको उजुरी दिने तयारी' शीर्षकमा प्रकाशित समाचारका आधारमा स्पष्टीकरण सोधिएको आयोगका अधिकारीहरु बताउँछन् ।

'तपाईंहरुले स्थानीय तह निर्वाचनको सम्मुखमा भरतपुरका मतदातालाई भूमिको निस्सा बाँडेको हो, होइन ? भूमिसम्बन्धी ऐन,

> चुनावी प्रचारका बेला उलंघनकर्तालाई सचेत गराउनु नै आयोगको प्राथमिक दायित्व हो । यसमा आयोग जिम्मेवार भएर लागेको छ ।
>
> **शालिग्राम शर्मा पौडेल**
> प्रवक्ता, निर्वाचन आयोग

२०२१ को दफा ५२ (क) को उपदाफ (३) र दफा ५२ (ख) को उपदफा (६) बमोजिम नेपाल सरकारबाट गठित आयोगले स्थानीय तह निर्वाचनको सम्मुखमा भूमिको निस्सा बाँड्दा निर्वाचन आचारसंहिताविपरीत हुन्छ, हुँदैन' आयोगले पठाएको पत्रमा उल्लेख छ । स्पष्टीकरण पत्रमा थप भनिएको छ, 'आचार संहिताविपरीत कार्य गरेको भए तपाईंहरुलाई आचारसंहिताको उल्लघनमा किन कारबाही हुनु नपर्ने हो ?'

गण्डकी प्रदेशका मुख्यमन्त्री मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई पनि स्पष्टीकरण सोधिएको छ। 'सरकारी गाडी चढेर कांग्रेसको कार्यक्रममा गण्डकीका मुख्यमन्त्री र मन्त्री' भन्ने समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै स्पष्टीकरण सोधिएको हो ।

निर्वाचन आचारसंहिता, २०७८ को दफा ५ मा प्रदेश सरकारका मुख्यमन्त्री वा मन्त्रीले आफैं उम्मेदवार भएको अवस्थामा बाहेक कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने उल्लेख छ। मुख्यमन्त्रीलाई यही व्यवस्था सम्झाइएको छ ।

'तपाईंले प्रदेश सरकारको मुख्यमन्त्रीले सरकारी स्रोतको प्रयोग गरी गठबन्धनको चुनावी सभामा सहभागी हुनु निर्वाचन आचारसंहिताविपरीत हो, होइन ?' पत्र मार्फत सोधिएको छ ।

'यदी तपाइँ गठबन्धनको चुनावीसभामा सहभागी हुनुभएको हो भने तपाईंलाई निर्वाचन आचारसंहिताको उल्लघंनमा किन कारबाही हुनु नपर्ने हो ? तीन दिनभित्र आयोगमा प्राप्त हुने गरी जवाफ पेश गर्नुहुन अनुरोध छ' पत्रमा थप भनिएको छ ।

## महासंघ अध्यक्षलाई पनि पत्र

निर्वाचन आयोगले नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेललाई निर्वाचन आचारसंहिताविपरीत अभिव्यक्ति दिएको विषयमा

– बाँकी पृष्ठ २ मा




# ४ करोड बढी ठगीको आरोपमा मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ वैशाख

वैदेशिक रोजगार विभागले जेन्युन एजुकेसन एण्ड कन्सल्टेन्सी प्रालिका सञ्चालक सुजन भट्टराईविरुद्व वैदेशिक रोजगार न्यायाधिकरण मुद्दा दायर गरेको छ ।

सञ्चालक सुजन भट्टराईले युरोपका विभिन्न मुलुकमा रोजगारीको लागि पठाईदिने भन्दै ४ करोड रुपैयाँ भन्दा बढी ठगी गरेको आरोपमा शुक्रबार मुद्दा दायर गरेको हो। विभागले कन्सल्टेन्सीका सञ्चालक भट्टराईसहित मेख बहादुर गुरुङ र सुनिल लम्सालललाई पनि ठगी मुद्दामा विपक्षी बनाएको छ ।

उनीहरूलाई विभागमा खटिएको नेपाल प्रहरीको डिएसपी कमाण्डको टोलीले गत चैत २८ गते पक्राउ गरेको थियो ।

उनीहरुले पोर्चुगल, स्पेन र फ्रान्ससहितका मुलुकमा वैदेशिक रोजगारमा लैजाने भन्दै प्रतिव्यक्ति १७ लाख ९२ हजार रूपैयाँसम्म ठगी गरेको विभागले जनाएको छ ।

विदेशका विभिन्न विश्वविद्यालयमा अध्ययन गर्न जाने विद्यार्थीलाई परामर्श दिने उद्देश्यले खालिएको कन्सल्टेन्सीले वैदेशिक रोजगार ऐन २०६४ को दफा १० विपरीत २२ जनाबाट २ करोड ८८ लाख ४१ हजार ७ सय ठगी गरेको पुष्टि भएको विभागले जनाएको छ ।

वैदेशिक रोजगार ऐनको दफा १० मा अनुमति नलिई वैदेशिक रोजगारीमा पठाउन प्रतिबन्ध लगाएको छ भने ऐनको दफा ४३ ले पीडितलाई

**वैदेशिक रोजगार विशेष**

विगो र त्यसको ५० प्रतिशत हर्जना असुल गराई दोषीलाई ७ वर्षसम्म कैद गर्ने व्यवस्था गरेको छ। २२ जनाबाट असुली गरेको २ करोड ८८ लाख ४१ हजार ७ सय र त्यसको ५० प्रतिशत हर्जनासहित ४ करोड २३ लाख ५० रूपैयाँ विगो कायम गरिएको विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले जानकारी दिए ।

उनका अनुसार वैदेशिक रोजगारीका लागि जापान, विभिन्न युरोपेली मुलुक, अमेरिका र क्यानडा पठाइदिने भन्दै विभिन्न कन्सल्टेन्सीले करोडौं रुपैयाँ ठगी गरेको उजुरी परेको छ ।

यसअघि विभागले राधा सुवेदीसहितका व्यक्तिले माल्टामा आकर्षक तलव सुविधासहितको वैदेशिक रोजगारी उपलब्ध गराउने भन्दै १ सय २२ जना व्यक्तिसँग प्रतिव्यक्ति २ लाख ३५ हजार दरले १ करोड ६४ लाख ८ हजार ठगी गरेको भन्दै त्यसको ५० प्रतिशत हर्जना ८२ लाख ४ हजार गरी २ करोड ४६ लाख १२ हजार विगो असुल उपर हुनुपर्ने माग गर्दै एउटा र कास्कीको माछापुच्छे गाउँपालिकाका सदिक्षा गुरूङ र खिनशोभा गुरूङविरूद्ध वैदेशिक रोजगारीका लागि क्यानडा पठाउने भनि ४१ लाख ४२ हजार ५ सय ठगी गरेको आरोपमा ठगीको मुद्दा दायर गरेको थियो । वैदेशिक रोजगार ठगीको मुद्दामा कायम भएको ठगीको विगो त्यसको ५० प्रतिशत हर्जना र सातवर्षसम्म कैद गर्ने कानूनी व्यवस्था छ ।

विभागले आकर्षक वैदेशिक रोजगारीको नाममा शैक्षिक कन्सल्ट्यान्सीबाट ठगीको धन्धा व्यापक रूपमा बढेको निष्कर्ष निकाल्दै अनुगमन गर्न शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराएको छ ।

शैक्षिक कन्सल्टेन्सीहरूले वैदेशिक रोजगारीका लागि जापान, युरोपेली मुलुक, अमेरिका र क्यानडा पठाइदिने भन्दै तेस्रो व्यक्ति खडा गरेर लाख रुपैयाँ मात्र ठगी गरिएको उजुरी विभाग आएको विभागले जनाएको छ। वैदेशिक रोजगारीमा जानुपूर्व श्रम स्वीकृति लिनुपर्ने अनिवार्य गरिएको भन्दै विभागले बिना श्रम स्वीकृति वैदेशिक रोजगारीका लागि नजान पनि सचेत गराएको छ ।

## स्थानीय तह निर्वाचन

# मतपत्रमा कालो, रातो, नीलो वा हरियो मसीको कलमले हस्ताक्षर गर्न सकिने

**काठमाडौं/मस–** यही वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि मतदान अधिकृतले मतपत्रमा हस्ताक्षर गर्दा सिसाकलमबाहेक कालो, रातो, नीलो वा हरियोमध्ये कुनै पनि मसी भएको कलम-डटपेनले सही गराउन सकिने भएको छ ।

आयोगले वैशाख २२ गते गरेको निर्णयअनुसार सिसाकलमबाहेक कालो, रातो, नीलो वा हरियोमध्ये कुनै मसी भएको कलम-डटपेनले सही गर्ने व्यवस्था मिलाउन सबै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई निर्देशन दिएको हो ।




**अन्य दलको झण्डा प्रयोग नगर्न आग्रह**

निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचनको सन्दर्भमा सम्बन्धित दल तथा सम्बन्धित दलका उम्मेदवारबाहेक अन्य उम्मेदवारले समेत निर्वाचन प्रचारप्रसारको सिलसिलामा अन्य दलको झण्डा प्रयोग नगर्न आग्रह गरेको छ ।

त्यसरी झण्डा प्रयोग गरेको भनी विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत आएको समाचार तथा सो सम्बन्धमा परेको उजुरीका विषयमा आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको झण्डा तथा चिह्न अरु कसैले प्रयोग गर्न नपाउने गरी संरक्षण तथा निर्वाचन आचारसंहिता, २०७८ बमोजिम ३ह३ फिटको दलको झण्डा र सोही नापको चुनाव चिह्न प्रयोग गर्न आयोगले भनेको छ ।

दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स, ग्लुसाइन बोर्ड, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न नहुने व्यवस्था रहेको हुँदा दलको एउटा झण्डा र एउटा चिह्न प्रयोग गर्न सकिने भए पनि अन्य दल तथा उम्मेदवारको झण्डा र चिह्न प्रयोग गर्नु निर्वाचन आचारसंहिताविपरीत हुने आयोगको ठहर छ ।

आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'निर्वाचन प्रचारप्रसारको क्रममा निर्वाचन आचार संहितामा उल्लेख भएभन्दा फरक ढंगले झण्डा र चिह्न प्रयोग गरिएमा वा मतदातालाई भ्रम सिर्जना गर्ने गरी आफू उम्मेदवार भएको दलबाहेक अन्य दलको झण्डा तथा चिह्न प्रयोग गरिएमा निर्वाचन आचारसंहिता उल्लंघन गरेको मानी कानुनबमोजिम कारबाही तथा सजाय हुने हुँदा निर्वाचन आचारसंहिताविपरीतका कार्य नगर्न नगराउन आयोग सबैमा आग्रह गर्दछ ।'

# सुरक्षाकर्मीको सहयोगमा फोहर व्यवस्थापन

**काठमाडौं/मस–** पासाङल्हामु राजमार्गअन्तर्गका स्थानीयको निरन्तरको अवरोधका कारण केहि दिनदेखि रोकिएको काठमाडौं उपत्यकाको फोहोर शनिबारदेखि पुनः उठाउन शुरु गरिएको छ ।



स्थानीयसँगको छलफलमा सहमति नजुटेपछि काठमाडौं महानगरपालिकाको पहलमा ३०० सुरक्षाकर्मी खटाएर १४ दिनदेखि रोकिएको काठमाडौं उपत्यकाको फोहर व्यवस्थापन कार्य शनिबारबाट गरिएको हो । पासाङल्हामु राजमार्ग मर्मतको जिम्मा पाएको निर्माण कम्पनीले समयमा नै काम सम्पन्न नगरेको भन्दै स्थानीयले उक्त स्थान भएर फोहरको गाडी जान नदिँदा काठमाडौंको १८ स्थानीय तहको फोहर सडकमा नै थियो ।

पटक-पटकको छलफलमा पनि स्थानीयसँग सहमति जुट्न नसकेपछि कामपाले गृह मन्त्रालयको सहयोगमा मुड्कुखोलादेखि तीनपिप्लेसम्मको सडकखण्डमा उक्त संख्यामा सुरक्षाकर्मी खटाएको हो । पछिल्लो समय यही वैशाख ११ गतेदेखि पुनःकाठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहर व्यवस्थापन कार्य रोकिएको थियो । हाल फोहर विसर्जन गरिएको स्थान नुवाकोटस्थित सिसडोलसम्म पुग्ने बाटो मर्मतको काम समयमै नगरेको भन्दै पासाङल्हामु राजमार्गका बासिन्दाको अवरोधका कारण सडकमै फोहर रोकिएको हो ।

फोहर विसर्जनका लागि दीर्घकालीन समाधानका प्रयास हुन नसक्दा र लामो समयसम्म सडकमानै फोहोर रहँदा समस्या सुरु भएकाले सुरक्षाकर्मीको सहयोगमा व्यवस्थापन कार्य गरिएको कामपा वातावरण विभागका प्रमुख सरिता राईको भनाइ छ । उनका अनुसार विसं २०७० देखि सुरु गरिएको सडक हालसम्म पनि सम्पन्न हुन नसकेपछि स्थानीयको पटकपटकको अवरोधका कारण फोहर विसर्जनमा अवरोध हुँदै आएको छ ।

'यस्तो विषयमा केन्द्र सरकार संवेदनशील हुनुपर्छ', राईले भने, 'त्यसका लागि बाटो छिटो मर्मत गर्न सम्बन्धित निकायले पहल गर्नुपर्छ ।' दुई वर्षको लागि भन्दै विगत १५ वर्षदेखि फोहर सिसडोलमा फोहर व्यवस्थापन भइरहेकाले उक्त स्थान पनि पूर्णरुपमा भरिएको छ ।

हाल फोहर व्यवस्थापन भइरहेको स्थानभन्दा दुई किलोमिटर पर बञ्चरेडाँडामा निर्माणाधीन दीर्घकालीन फोहर व्यवस्थापनस्थलको काम निर्धारित समयमा सम्पन्न हुन नसक्दा पनि समस्या आएको कामपाले जनाएको छ ।

हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिकटन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ । यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिकटन फोहर निस्किने गर्दछ । निजी र कामपाको गरी दैनिक कम्तीमा २०० गाडी फोहर सिसडोल लैजाने गरिन्छ ।

उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहरमध्ये करिब ७५ प्रतिशत फोहर सिसडोलमा व्यवस्थापन गरिँदै आएको छ ।

स्थानीयकै अवरोधका कारण गत फागुन र चैत महिनामा पनि ३२ दिन फोहरको अन्तिम व्यवस्थापन हुन सकेन । नियमित पानी पर्न सुरु भएको र वर्षाको समयमा अन्य समयकोभन्दा बढी फोहर निस्कने हुँदा आगामी दिन फोहर व्यवस्थापनका हिसाबले थप कठिनाइ हुने कामपाले जनाएको छ ।

### सत्ता ...

बागी बनेर पार्टीको झन्डा बोक्नेलाई कारबाही हुन्छ' देउवाले भने । मतदानको दिन नजिकिँदै जाँदा सत्तागठबन्धनका शीर्ष नेताहरुबाट चेतावनीको भाषा प्रयोग हुनु साझा उम्मेदवारलाई भोट आउँदैन कि भन्ने त्रासको उपज भएको जानकारहरु बताउँछन् ।

शीर्ष नेताहरुबाट चेतावनीको भाषा प्रयोग हुनु र त्यसबाट कार्यकर्ता डराउने स्थिति बन्यो भने त्यो नेपालको दिर्घकालिन हीत बिपरित हुने बताउँछन राजनीतिक क्षेत्रका जानकारहरु । राजनीतिक विश्लेषक एवं अध्यापक विष्णु दाहाल भन्छन्, 'नेता/कार्यकर्तालाई विश्वासमा लिने भन्दा कारबाहीको चेतावनी दिने, विवेक प्रयोग आग्रह गर्नुको साटो पार्टीले भनेकैलाई भोट हाल्न दबाब दिने शैली गलत संस्कृतिको उपज हो ।'

अझ स्थानीय तहको निर्वाचनमा दलीय उम्मेदवार भन्दा योग्य उम्मेदवार जनताले खोज्ने भएकाले केन्द्रबाट हस्तक्षेप गरिनु वर्तमान व्यवस्थाकै विरुद्धमा रहेको उनको विश्लेषण छ ।

'संघीयता शक्तिको विकेन्द्रीकरण हो । त्यो शक्ति भनेको राजनीतिक शक्ति पनि हो । राजनीतिक दलका तत निकायले तत निकायमै उम्मेदवार चयन गर्ने अधिकार संघीयतामा राख्नुपर्दथ्यो' उनी थप्छन्, 'केन्द्रबाटै उम्मेदवार तोक्नु र त्यसप्रति असन्तुष्टि जनाउँदा कारबाहीको चेतावनी दिनु व्यवस्थाकै विरुद्ध छ ।' पाँच दलीय सत्तागठबन्धनले मुख्य मुख्य शहरमा गठबन्धन गरेका छन् ।

सहमति अनुसार कांग्रेसले सत्तागठबन्धनका तर्फबाट काठमाडौं, ललितपुर र विराटनगर महानगर पालिकाको मेयरका उम्मेदवारी दिएको छ । पोखरा महानगरपालिकाको नेतृत्वमा एकीकृत समाजवादीका उम्मेदवार छन् ।

माओवादी केन्द्रले भरतपुर महानगरपालिका र जनता समाजवादी पार्टीले वीरगञ्ज महानगरपालिकाको नेतृत्वमा उम्मेदवारी दिएको छ । ११ मध्ये ७ उपमहानगर पालिकाको नेतृत्वमा कांग्रेसका उम्मेदगवार छन् ।

सहमति अनुसार नेपालगञ्ज, धरान, इटहरी, कलैया, बुटवल, तुलसीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरको मेयरमा कांग्रेसका उम्मेदवा् छन् ।

माओवादी केन्द्रका तर्फबाट जीतपुर सिमरा र घोराही गरी दुई उपमहानगर पालिकाको नेतृत्वमा उम्मेदवार छन् । सत्ता गठबन्धनका तर्फबाट हेटौंडा उपमहानगरमा एकीकृत समाजवादीका र जनकपुर उपमहानगरपालिकाको नेतृत्वमा जनता समाजवादी पार्टीका उम्मेदवार छन् ।

### देउवालाई...

रहेको भन्दै जथाभावी अभिव्यक्ति नदिन नेता कार्यकर्तामा अपिल गरेका हुन् ।

सभापति देउवाले आजको कार्यक्रममा मात्रै होईन, अदालतको आदेशपछि सरकार बनेदेखि नै गठबन्धनको विपक्षमा बोल्नेलाई कारबाही हुने बताउँदै आएका छन् । केही दिनअघि नेविसंघ स्थापना दिवसलाई सम्बोधन गर्दै देउवाले कार्यकर्तालाई गठबन्धन गरेर के बिगारे भन्दै प्रश्न गरेका थिए । गठबन्धनकै कारण गण्डकी प्रदेशमा कांग्रेसको मुख्यमन्त्री छ ।

'कर्णालीमा कांग्रेसकै मुख्यमन्त्री छ । सुदूरपश्चिम र प्रदेश-१ मा पनि कांग्रेस सरकारमा छ' प्रधानमन्त्री देउवाले भने, 'गठबन्धन गरेर मैले के बिगारेँ ? के कांग्रेसलाई सरकारमा लैजानु अपराध हो ?'

उनले चुनावी तालमेलपछि पार्टी थप बलियो हुने भन्दै यसका विरुद्धमा नबोल्न धेरै पटक नेता कार्यकर्तालाई आग्रह गरेका छन् । त्यत्तिमात्रै होइन, सभापति देउवाले गठबन्धन ऐतिहासिक भएको भन्दै संघ र प्रदेशमा पनि एक भएर जाने बताएका छन् ।

'यो एक ऐतिहासिक गठबन्धन हो, स्थानीय तहसम्म मात्र सीमित रहदैन, प्रदेश र संघको निर्वाचनमा पनि हामी यही अनुसार अगाडि बढ्छौँ' देउवाले भने । यद्यपि पार्टीका केही नेताकार्यकर्ता भने कांग्रेस आफूमै बलियो भएको भन्दै गठबन्धन नगर्न अपिल गरिरहेका छन् । त्यत्तिमात्रै होइन नेपाली कांग्रेसले पार्टीबाट बागी उम्मेद्वारी दिएको भन्दै देशभरिका धेरै ठाउँका उम्मेद्वारलाई कारवाही पनि गरेको छ । कांग्रेसले गोरखामा उठेका ६ जना बागी उम्मेदवारलाई पाँच वर्षसम्म साधारण सदस्य समेत नरहने गरी कारबाही गरेको छ । शनिबार जिल्ला अनुशासन समितिका संयोजक कृष्णबहादुर आलेले विज्ञप्ति जारी गर्दै पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध बागी उठेका उम्मेदवारलाई निष्कासन गरिएको बताएका हुन् ।

तर, भरतपुर महानगरपालिकामा कांग्रेसका विरुद्ध बागी उठेका मेयरका उम्मेद्वार जगन्नाथ पौडेलले भने गठबन्धन कसैको श्रीमती, छोरी र ज्वाइँलाई टिकट दिन बनाइएको हो भन्दै देउवालाई प्रश्न गरेका छन् ।

उनले आफ्नो उम्मेद्वारी फिर्ता नलिने अडान पनि राखिरहेका छन् । तर, सभापति देउवाले भने हरेक मन्तब्य र भाषणमा गठबन्धनको विरोध नगर्न र पार्टीको निर्णय मान्न सबैमा अपिल गरिरहेका छन् । गठबन्धनका अन्य शीर्षस्थ नेताहरु पनि तीनवटै तहमा एक भएर जानुपर्ने बताउँदै आएका छन् । यद्यपि, कांग्रेसभित्र भने गठबन्धनलाई लिएर असन्तुष्टि बढ्दो छ ।

### निर्वाचन...

चौबीस घन्टाभित्र जवाफ दिन भनेको छ ।

'निर्वाचन आयोगले जारी गरेको आचारसंहिता हामी मान्न जरुरी छैन' भन्ने शीर्षकमा केही सञ्चारमाध्यममा समाचार प्रकाशित भएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै आयोगले स्पष्टीकरण सोधेको हो ।

'आयोगले जारी गरेको आचारसंहिता पत्रकारले मान्न जरुरी छैन भनी तपाईँले भन्न मिल्छ/मिल्दैन ? आयोगबाट जारी आचारसंहिताको कुन प्रावधानले पत्रकार एवं नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गरेको छ ? साथै आचारसंहिताको कुन प्रावधानले पत्रकारिता र अभिव्यक्ति स्वतन्त्रताबाट सम्बन्धित पक्षलाई वञ्चित गरेको छ ? पत्रकार महासंघको अध्यक्ष जस्तो पदमा आशिन व्यक्तिले यस्तो गैरजिम्मेवार अभिव्यक्ति दिन सुहाउँछ छ ?' पोखे्रललाई सोधिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल आयोगले चुनावज प्रचारको समयमा आचारसंहिता उलंघनलाइ नै पहिलो प्राथमिाकतामा राखेर हेरिरहेको बताउँछन् । 'चुनावी प्रचारका बेला उलंघनकर्तालाई सचेत गराउनु नै आयोगको प्राथमिक दायित्व हो । यसमा आयोग जिम्मेवार भएर लागेको छ' प्रवक्ता पौडेलले भने ।

सुरुमा स्पष्टीकरण सोध्ने, सचेत गराउने र फेरि पनि उलंघन गरे आयोग कारबाही गर्न पछि नपर्ने पौडेलको भनाइ रहेको छ ।

## दुई पेस्तोलसहित भारतीय नागरिक पक्राउ

**रौतहट/मस–**बारामा दुई पेस्तोलसहित भारतीय नागरिक पक्राउ परेका छन् । सिम्रौनगढ नगरपालिका-१० बसवरीया टोल भएर नेपाल आउँदै गरेको बिआर ०१ सि १ ३१६१ नम्बरको मोटरसाइकललाई जाँच गर्दा चालक र त्यसमा सवार दुवै जनाको कम्मरमा एक-एक वटा पेस्तोल बरामद भएको हो ।

पक्राउ पर्नेमा मोतीहारी जिल्ला पूर्वी चम्पारण लौखान निवासी २३ वर्षीय पप्पुकुमार यादव र सोही ठाउँ भेलवा निवासी २२ वर्षीय अखलेष कुमारसिंह रहेको सशस्त्र प्रहरी बल मुख्यालय मधेस प्रदेश बर्दिबासका प्रमुख प्रहरी नायब महानिरीक्षक गणेशबहादुर ठाडामगरले जानकारी दिए । पक्राउ परेकाको साथबाट अटोमेटिक चाइनिज पेस्तोल एक थान, त्यसमा प्रयोग हुने दुई गोली र कट्टुवा पेस्तोल एक थान, त्यसमा प्रयोग हुने दुई गोली बरामद गरिएको उनले बताए ।

यसरी पक्राउ परेका यादव र सिंहलाई आवश्यक कारवाहीका लागि इलाका प्रहरी कार्यालय सिम्रौनगढमा बुझाइएको मगरले बताए ।

# 'मोटरसाइकल दाइजो नदिए बेहुली लैजान्न' भन्ने बेहुला पक्राउ

**झापा/मस-**मोटरसाइकल दाइजो नदिए बेहुली नलैजाने भनेर बिहेको जग्गेमै दबाब दिएको अभियोगमा बेहुला पक्राउ परेका छन् । पक्राउ पर्ने बेहुला झापा गाउँपालिका-४ का २८ वर्षीय डेबिट चौधरी रहेको इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोले बताए ।



उनका अनुसार मेचीनगर-१५ निवासी पुष्पलाल राजवंशीको छोरीसँग चौधरीको शुक्रबार विवाहको दिन थियो । बिहे सकेर बेहुली अन्माउने बेलामा चौधरीले मोटरसाइकल दाइजो नदिए बेहुली नलैजाने अड्डी कसेका थिए ।

आर्थिक अवस्था कमजोर रहेका बेहुलीका बुवा पुष्पलालले सम्झाउँदासमेत नमानेपछि विवाह कार्यक्रम बिथोलिएको थियो । अहिले नै दाइजो मागेर तनाव दिनेसँग म बिहे गर्दिन भनेर बेहुलीले भनेपछि पुष्पलालले प्रहरी कार्यालयमा उजुरी दिएका थिए ।

प्रहरी टोलीले बेहुला बनेका चौधरीलाई जग्गेबाटै नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय काँकडभिट्टाले जनाएको छ । हाल आरोपितलाई धुलाबारी इप्रकाको हिरासतमा राखिएको छ । पुष्पलालको घरमा शुक्रबार दुई छोरीको एकैदिन विवाह थियो । अर्की छोरीको विवाह दाइजो बेगर नै सम्पन्न भएको छ ।

**सुनवर्षि नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मोरङ**
**प्रदेश नं.१, नेपाल**

**नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।




**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश अस्पताल, सुर्खेत**

**विद्युतीय बोलपत्र आव्हानको सुचना**

**प्रकाशित मिति २०७९/०१/२५** (8 May 2022)

अस्पतालको लागि तपसिल अनुसारको निर्माण कार्य बिद्युतीय बोलपत्रबाट खरिद गर्नु पर्ने भएकोले सो सम्बन्धि कार्य गर्न योग्यता पुगेका ईच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीबाट अद्यावधिक गरेको ईजाजत प्रमाणपत्र, मूल्यअभिवृद्धि कर प्रमाणपत्र, आ.व.०७७/०७८को कर चुक्ता प्रमाणत्रहरु संलग्न राखी विस्तृत सुचनाको सर्त भित्र रहि विद्युतिय बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट www.bolpatra.gov.np/egp मा मिति २०७९/०२/२४ गते दिनको १२:०० बजे भित्र पेश गर्न सुचित गरिन्छ । विद्युतिय बोलपत्र सम्बन्धि बिस्तृत सूचना सार्वजनिक खरिद अनुगमन कार्यलयको वेबसाईट www.bolpatra.gov.np/egp मा राखिएको बोलपत्रमा संलग्न गरिएको छ ।

**तपसिल**

| IFB No. | Discretion of Work. | Estimated Amount (Without VAT) | Bid Security Amount in NPR. | Bid Document Amount. (NPR.) |
|---|---|---|---|---|
| PH/Karnali/ NCB-38/078-79 | Construction Work of MRI Building at Province Hospital. | 1,12,09,083.49 | 2,80,300.00 | 3000.00 |

**अस्पताल निर्देशक**

# प्रेस स्वतन्त्रताबिना लोकतन्त्रको परिकल्पनासमेत गर्न सकिँदैन : प्रवक्ता कार्की



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले प्रेस स्वतन्त्रताबिना लोकतन्त्रको परिकल्पनासमेत गर्न नसकिने बताएका छन् ।

राष्ट्रिय पत्रकारिता दिवस-२०७९ का अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यहाँ आज आयोजना गरेको ‘राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान’ कार्यक्रममा पुरस्कार प्रदान गर्दै सरकारका प्रवक्तासमेत रहेका उनले भने, ‘संविधानले प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रताको निमित्त, जुन परिकल्पना गरेको छ, त्यसलाई वर्तमान सरकारले रक्षा र प्रोत्साही गर्दै लैजाने छ ।’

पत्रकारिता क्षेत्रले मुलुकको परिवर्तन र जनताको चाहनाअनुसार मुलुकलाई सुशासन र कानुनी शासनका माध्यमद्वारा समृद्धिको दिशामा अग्रसर गर्नका निमित्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको मन्त्री कार्कीको भनाइ छ ।

उनले भने, ‘स्वतन्त्र प्रेस र सरकार साथसाथै हिँड्न सकेन भने जनताको लोकतन्त्रप्रतिको चाहना र समृद्धिको चाहना पूरा हुन सक्दैन, त्यसैले निर्भिकताका साथ आफ्नो स्वतन्त्रतालाई मध्ये नजर गर्दै समाजलाई सुसूचित गर्नहोस्, सरकारलाई पहरेदारी गर्नुहोस्, सरकारलाई कानुनी शासन र सुशासनको बाटोमा हिँड्नका निमित्त तपाईहरुले आग्रह मात्रै होइन, बाध्य गराउने परिस्थितिको पनि सिर्जना गर्नुहोस्, धत्यसको वर्तमान सरकारले स्वागत गर्छ ।’ सरकारले संविधानले परिकल्पना गरेको प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई रक्षा मात्रै नभई सम्वर्द्धनसमेत गर्ने उनको भनाइ छ ।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तथा पुरस्कृत व्यक्तित्व तारानाथ दाहालले संविधानको मर्मअनुरुप सम्बन्धित क्षेत्रको सुझावका आधारमा सञ्चारसम्बन्धी एकीकृत छाता ऐन जतिसक्दो चाँडो ल्याउन सरकारसँग आग्रह गरे । महासंघका अध्यक्ष विपुल पोखरेलले राज्यले सञ्चार माध्यमलाई नियन्त्रण गर्नेभन्दा पनि नियमनसँगै अभिभावकको भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । मन्त्रालयका सचिव डा.वैकुण्ठ अर्यालले ‘लोकतन्त्रको आधारशीला, व्यावसायिक र जिम्मेवार पत्रकारिता’ भन्ने मूलनार ासहित शनिबार विभिन्न कार्यक्रम गरी सातौं राष्ट्रिय पत्रकारिता दिवस मनाइएको जानकारी दिए ।

## सहयोगी भावका उम्मेद्‍वार शर्मा

# जसको रक्तदानबाट बच्यो सुत्केरीको ज्यान





**काठमाडौं/मस-** वीरेन्द्रनगर नगरपालिकाका मेयरका स्वतन्त्र उम्मेद्‌वार भीम प्रसाद शर्माले एक सुत्केरी महिलालाई रक्तदान गरी बचाएका छन् ।

अछामबाट प्रदेश अस्पताल सुर्खेतमा उद्दार गरेकी सुत्केरी महिलालाई उनले रक्तदान गरि बचाएका हुन् ।

शुक्रबार रामारोशन गाउँपालिका वडा नं. ४ बाटुलासैन छडेना निवासी ३५ वर्षीय सुत्केरी अम्बकला वि.कको हेलिकप्टरबाट उद्वार गरिएको थियो । अत्याधिक रक्तश्राव भई जटिल अवस्थामा पुगेकी ३५ वर्षीया वि.कको राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत उद्वार गरिएको अछामका युवा उमेश न्यौपानेले बताए ।

शर्मा ३० गते हुने स्थानीय तहको निर्वाचनमा सुर्खेत वीरेन्द्रनगर नगरपालिकाका मेयरका स्वतन्त्र उम्मेद्‌वार हुन् । चुनावी प्रचारप्रसारमा खटिएका स्वतन्त्र उम्मेद्‌वार शर्मा खबर पाउने वित्तिकै अस्पतालमा पुगेका थिए ।

अम्मकला सुत्केरी भएपछि अत्याधिक रक्तस्राव भई रामारोशन गाउँपालिका वडा नं. ४ बाटुलासैन स्वास्थ्य चौकीमा उपचार सम्भव नभएपछि थप उपचारको लागि सुर्खेत प्रादेशिक अस्पतालमा हेलिकप्टरमार्फत ल्याइएको थियो ।

उपचार गरिरहँदा पाँच प्वाइन्ट बी पोजेटिभ रगतकोको आवश्यकता परेको थियो । रक्तदान स्वतन्त्र उम्मेद्‌वार शर्माले १ प्वाइन्ट दिएका हुन् । त्यस्तै मोहन थापा, उमेश न्यौपाने र विरेन्द्र बटालाले रक्तदान गरी सुत्केरी आमा र बच्चाको ज्यान बचेको र दुबैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

शर्मा विगत १३ वर्षको उमेरदेखि नै मानवीय सेवामा काम गर्दै आएका छन् ।

१२ वर्ष विद्यालय तथा क्याम्पसमा अध्यापन गराएका शर्मा सञ्चारकर्मी पनि हुन् । अहिले उनी रेडक्रस, लायन्स क्लव जस्ता सामाजिक क्षेत्रमा आवद्ध हुँदै आफुले आर्जन गरेको पेशाबाट गरिब विद्यार्थी र अपाङ्गलाई सहयोग गर्दै आएका छन् ।

# जंगल मासेर निजगढमा विमानस्थल नबनाउन चेतावनी




**काठमाडौं/मस-** नेपाल पर्यावरण संरक्षण तथा सम्वर्द्धन संघले विकल्पहरु हुँदा हुँदै बाराको निजगढमा रुखहरु मासेर अन्तर्राष्ट्रिय विमानस्थल बनाउन लागिएको भन्दै आपत्ति जनाएको छ ।

संघले जंगल मासेर विमानस्थल बनाउन नपाईने आफ्नो अडान अघि सारेको छ । पानीको मुहान सुक्ने, हात्तीको वासस्थान र अरू प्रकृति विनाश गर्न नहुने पनि संघको धारणा छ ।

रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै संघले यस्तो धारणा अघि सारेको हो । संघको तर्फबाट अध्यक्ष सुदर्शन प्रधानले जारी गरेको विज्ञप्तिमा भनिएको छ,‘हवाई मैदानजस्तो दुरगामी महत्व राख्ने स्थलको छनौट गर्ने माथि निजगढको जंगल, खोटपूर्ण र शंकास्पद रह्यो किनकी चितवनको शुक्रनगर-नयाँ गाउँ सेरोफेरोको हजारौं हेक्टरमा एउटा सालको रुख पनि छैन तर निजगढमा ७००३ हेक्टर वनक्षेत्रमा सालका रुखवृक्ष, लाथ्रा, पोल, बल्लाबल्ली जम्मा ८ करोड ६८ लाख १५ हजार ३३५ वटा छन् । जसको बजार मूल्य ६०० अर्ब (६ खर्ब) भन्दामाथि हुन्छ । चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जमा के अन्तर छ ?जहाँ बाघ, गैंडा, जंगली हात्ती, चितुवा, हरिण, मृगलगायत ३७ स्तनधारी प्रजाति, ४९० पंक्षीहरु, सरिसृप र भ्यागुता १५ जाति, उभयचर ३ प्रजाति र माछा १८ प्रजातिकालगायत अरु सयौं प्रकारकाप्रकृतिका सन्तानहरु छन् ।’

उनले निजगढको ८ हजार हेक्टर जंगल फाँडेर विमानस्थल बनाउँदा त्यहाँको जमुनी, अडुवा, तिथरी, काँटघाट नदीहरु,थलनी, बडकी पैनी र जोकाहा खोलाहरुको मुहान भएकोले पानीका स्रोतहरु पूर्ण रुपले सुक्ने बताए । उनले भने,‘यसले बाराको ५ गाउँपालिका (देवताल, सुवर्ण, करैयामाई, आदर्श केटवाल र बारागढी) र चार नगरपालिका (कोल्वी, पचरौता, महागढीमाई, सिम्रौनगढ र कलैयाँ उपमहानगरपालिकाका झण्डै ५ लाख ५० हजार जनताको खानेपानी र सिँचाईमा गम्भीर दुष्प्रभाव पार्नेछ । साथै, रौतहट जिल्लाका लाखौं जनतालाई पनि गम्भीर असर पर्नेछ ।’

प्रधानले काठ तस्करहरुका चंगुलमा परेर राज्यको नेतृत्व गर्नेहरुहरुले मनोमानी गरेर विमान कुनै गम्भीर अध्ययन-अनुसन्धान निजगढको जंगल फाँड्न निर्णय गर्ने, आदेश दिनेजस्तो आत्मघाती कदम चालिरहेको आरोप लगाए ।

कार्यक्रममा पूर्व प्रमुख संरक्षण अधिकृत तथा पर्यावरण विद् बाबुराम यादवले निजगढ विमान स्थलको विकल्प रहेको सुनाए । निजगढमा विमान स्थल बनाउने नाममा अहिले पनि झण्डै ७ हजार हेक्टर जमिनमा चारै दिशाको (४२ किलोमिटर) मा तारबार लगाएको र घेरिएको ठाउँमा पनि (झण्डै ५ किलोमिटर) मा तारबार लगाएर वन्यजन्तुमाथि अमानवीय व्यवहार गरिएको यादवले वस्तुस्थिति सुनाए ।

यादवले लण्डनको हिथ्रो हवाई मैदान १२२७ हेक्टरमा बनेको, सिंगापुरको चाङी हवाईमैदान १३०० हेक्टरमा र दुवईको अन्तर्राष्ट्रिय हवाई मैदान १२५० हेक्टरमा बनेको उल्लेख गर्दै भने, ‘यी विमानस्थलहरुले क्रमशःयात्रुहरु ८ करोड, ६.५६ करोड र ८.९१ करोडलाई सेवा पुर्‍याइरहेछन् । जबकी काठमाडौंको त्रिभुवन विमानस्थलले वार्षिक ७१ लाख हवाई यात्रुहरुलाई सेवा दिइरहेछ । प्रस्तावित निजगढको हवाई मैदानले जम्मा ७२ लाखलाई सेवा दिने लक्ष्य बनाइएको छ ।’

त्यस्तै, ३७ वर्षसम्म विमान चलाएका क्याप्टेन युवराज भट्टराईले विमानस्थल बनाउनु भनेको संवेदनशील विषय भएको उल्लेख गर्दै विमानस्थल बनाउनुपूर्व सबै कोणबाट हेर्नुपर्ने र विशेषगरि पर्यावरणीय अवस्थाको लेखाजोखा गर्नुपर्नेमा जोड दिए ।

पर्यावरणविद् सुरेन्द्र ढकालले नेपालका हिमालहरु संकटमा परेको र आगामी दिनमा पनि यसको अझै क्षति हुने उल्लेख गर्दै नेपालपर्यावरणको हिसाबले दिनप्रतिदिन कमजोर अवस्थामा पुगेको चिन्ता व्यक्त गरे । यसबाट मुक्त गराउनको लागिपनि सबै सरोकारवालाहरुले वनजंगलको संरक्षण गर्नुपर्नेमा उनको जोड थियो । उनले पनि निजगढमा जंगल मासेर विमानस्थल बनाउन नहुने तर्क गरे ।

# विविध भाषाभाषी बौद्ध कवि गोष्ठी सम्पन्न

**मुना न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ वैशाख



२५६६औं बुद्ध जयन्तीको अवसरमा विविध भाषाभाषी बौद्ध कवि गोष्ठी सम्पन्न भएको छ ।

विश्व शान्ति विहार बौद्ध कवि गोष्ठी उप-समितिको आयोजनामा भएको कार्यक्रममा विश्व शान्ति विहार भिक्षु वोधीज्ञान महास्थरविरको अध्यक्षता तथा पूर्वमन्त्री एवम् वरिष्ठ साहित्यकार दिनबन्धु अर्यालको प्रमुख आतिथ्यता रहेको थियो ।

बानेश्वरमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि दिनबन्धु अर्यालले बुद्धको दर्शन र ज्ञान अध्ययन गरेर नसकिने बताएका छन् । यस्ता कार्यक्रमले बुद्ध धर्म र दर्शनका बारेमा अझ बढी बुझ्न मद्दत पुग्ने उनको भनाइ थियो । भगवान् बुद्धले दिएको सन्देशबाट जीवन परिवर्तन गर्दै लैजान उनले सबैलाई आग्रह पनि गरे ।

बौद्ध कवि गोष्ठी उपसमितिको संयोजक प्राध्यापक बेटी बज्राचार्यले बौद्ध धर्म तथा संस्कृतिलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ विगत ५-६ दशक अगाडिबाट कार्यक्रमको थालनी गरिएको जानकारी दिए । गौतमबुद्धले छोडेर गएका राम्रा विचार र मार्गदर्शनलाई अभिव्यक्त गर्दै नयाँ पुस्तालाई समेत सत्मार्गतर्फ लम्किन उत्प्रेरित गनुपर्ने उनको भनाइ थियो ।

कवि गोष्ठीमा विनुबाबा घिमिरे, अनुराधा थापा, दयामुनि बज्राचार्य, यशु बज्राचार्य, विजयध्वज थापा, निर्मलरमण पराजुली, वीणा सिन्हा, निभा मल्लिक, मुकुन्द अर्याल, रबिना बस्नेत, मदनकृष्ण सिलवाल लगायत डेढ दर्शनभन्दा बढी कविहरूले आ-आफ्नो रचना वाचन गरेका थिए ।

## उपप्रमुखकी उम्मेद्‌वार मौर्यको नाम चर्चामा

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, २४ वैशाख


जिल्लाको कृष्णनगर नगरपालिकाको उम्मेदवारहरु मध्ये विमलेश मौर्यको नाम चर्चामा छ । नेकपा एमालेबाट उमेदवार बनेकी मौर्यको चर्चा गाँउगाँउमा समेत हुने गरेको स्थानीयले बताएका छन् । उनी प्रखर वक्ता रहेकाले पनि चर्चा हुने गरेको स्थानीयले अनौपचारीक कुराकानीमा बताउँने गरेका छन् ।

उनी कम्युनिष्ट राजनीतिमा सकृय भूमिका निर्वाह गर्दै आएकी छिन् । समाजको बेतिथी, महिला हिंसा, भ्रष्टाचार उन्मुलन गर्न र महिलाहरुलाई सीप मुखी बनाउन र रोजगार र शिक्षा स्वास्थ कृषिमा विकास गर्न उमेदवारी दिएको उनको भनाइ छ ।

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा जनताको चहना अनुसार नै उम्मेदवारी दिएको उनले बताइन् । ‘जनताको राय अनुसार र जनताले प्रोत्साहन गरेपछि उपाध्यक्ष पदमा उमेदवारी दिएकी हुँ’ उम्मेदवार मौर्यले भनिन् ।

## ‘वडाको विकास र समृद्धिका लागि उम्मेद्वारी’

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २४ वैशाख



सिरहाको कल्याणपुर नगरपालिका-७ का वडा अध्यक्ष पदका उम्मेद्वार दिपेन्द्र यादवले आफूलाई विजयी गराउन आग्रह गरेका छन् । साथै उनले आफू विजयी भएमा वडालाई विकास, समृद्धि र नयाँ सोचसहितको रुपान्तरणको बाटोमा अगाडि बढाउँने बताए ।

विगत १० बर्षदेखि राजनीतिमा सक्रिय जनता समाजवादी पार्टी (जसपा) नेपालबाट उम्मेद्वारी दिएका यादवले मध्यान्हसँग कुरा गर्दै वडालाई शिक्षा, स्वास्थ्य, रोजगारी, कुरिती र भ्रष्टाचार जरैदेखी उखेल्ने बताए । ‘विगतमा आफू जनप्रतिनिधि नभएपनि वडामा विभिन्न किसिमका सामाजिक कार्यहरु गरेको छु, उनले भने । उम्मेद्वार यादबले बोलेर भन्दापनि काम गरेर देखाउने बताउँदै वडाबासीलाई एक पटक मौका दिन आग्रह गरे । आगामी निर्वाचन पछि वडामा भएका विभिन्न समस्या सामाधान गर्न पछि नहट्ने उनको प्रतिबद्धता थियो ।

**Government of Nepal**
**Ministry of Forest and Environment**
**Department of Forests and Soil Conservation**
**Basin Management Center Karnali**
**Khalanga, Jajarkot**
**RE-INVITATION FOR BIDS (IFB)**
**Notice No: BMC/Karnali/Work/NCB-2/078/079**
**First date of publication: - 08 May 2022 (2079/01/25)**

1. Basin Management Centre Karnali,Jajarkot invites electronic bids from eligible bidders for the **Construction of the works** under **National Competitive Bidding -** procedures, **mentioned in the table below.**

| S.N. | Contract No. | Description of Work | Estimated Amount (without VAT) | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | BMC/Karnali/ Work/NCB-1/078/079 (Re) | *Construction of office Building of Basin Management Centre Karnali Jajarkot* | - | 90 days/120 days from the date of Bid opening. | 13,60,000.00 | 5,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of BMC Jajarkot (telephone: 089-430179) during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

**Office Chief**

HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY

After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM
VICTORIA INTERNATIONAL

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

## सम्पादकीय

# ह्वीपको अर्थ

प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सत्ता गठबन्धनको विरोधमा बोल्नेलाई कारबाहीको चेतावनी दिएका छन् । पाँच दलीय गठबन्धनले जनकपुरमा गरेको संयुक्त सभा सम्बोधन गर्दै सभापति देउवाले गठबन्धनका विरूद्ध बोल्ने र बागी उम्मेद्वार हाल्नेलाई कार्बाहीको चेतावनी दिएका हुन् । यसअघि पनि प्रधानमन्त्री एवम् सभापति देउवाले कार्यकर्तालाई चेतावनी दिएका थिए । चितवनकै भाषा प्रयोग गर्दै प्रधानमन्त्री देउवाले जनकपुर बाहेक तीन वटा सभा सम्बोधन गरिसके । विराटनगर, भरतपुर र काठमाडौंमा आयोजित सभा सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले गठबन्धनका उम्मेद्वारलाई मतदान गर्न निर्देशन दिए । सभापति देउवा बाहेक सत्ता गठबन्धनका अन्य दलका प्रमुखहरूले पनि साझा उम्मेद्वारलाई मतदान गर्न चेतावनी दिदै आएका छन् ।

सत्ता गठबन्धनले ६ महानगरसहित १७ स्थानीय तहमा तालमेल गरेको छ । ६ वटा महानगर र ११ उपमहानगर बाहेक पनि सत्ता गठबन्धनबीच तालमेल भएको छ । तर शीर्ष नेताहरूले गरेको तालमेलप्रति सत्ता गठबन्धनभित्र असन्तुष्टि छ । महानगरमै गठबन्धनका उम्मेद्वारविरूद्ध प्रमुख दलहरूबाटै स्वतन्त्र उम्मेद्वारी दिइएका छन् । मुख्यगरी नेपाली कांग्रेसबाट बागी उम्मेद्वार परेको छ । भरतपुर र पोखरामा कांग्रेस नेताहरूले अलग उम्मेद्वारी दिएका छन् । विराटनगरमा जनता समाजवादी पार्टी (जसपा) का नेता उमेश यादवले पार्टी छोडेर स्वतन्त्र उम्मेद्वारी दिएका छन् । तर जसरी पनि एमाले रोक्नुपर्ने भन्दै स्थानीय चुनावमा तालमेल गरेका सत्तारूढ दलका नेताहरूले कार्यकर्तालाई कारबाहीको चेतावनी दिइरहेका छन् ।

बारम्बार कार्बाहीको चेतावनी दिनुले गठबन्धनका नेताहरूले साझा उम्मेद्वारको पक्षमा मत ल्याउनु हो । कार्यकर्तालाई त्रसित बनाएर विद्रोहबाट रोक्न चाहेकै कारण गठबन्धनका शीर्ष नेताहरूको साझा मत देखिन्छ । आगामी प्रदेश तथा प्रतिनिधिसभा चुनावसम्मै तालमेल गर्ने मनसाय बनाएका नेताहरूले स्थानीय चुनावको नतिजा प्रतिकुल नहोस् भन्ने चाहना राखेकाले पनि यस्तो चेतावनी दिइएको हुनसक्छ । तर एउटा लोकतान्त्रिक समाज र संस्कृतिका निम्ति यस्तो ह्वीप राम्रो होइन । किनकि दललाई समर्थन गर्नुको अर्थ पनि उक्त दलले लिएको विचार र मार्गदर्शन हो । त्यो विचार र दर्शन निर्माण पार्टी महाधिवेशनहरूबाट गरिन्छ । तर घोषणापत्रमा समेत साझा प्रतिबद्धता जनाउन नसकेका गठबन्धनका दलहरूले कार्यकर्तालाई बन्धक बनाउन खोज्नु उचित होइन । निर्णय समेत हुन सक्छ, तर अनिवार्य कार्यान्वयन गर्नुपर्ने चेतावनीले लोकतन्त्रमै संस्थागत गर्न सक्दैन ।

# स्थानीय चुनाव र जनपक्षीय उम्मेदवार

*स्थानीय तहको चुनावमा जनपक्षीय उम्मेदवारका रूपमा उठेर जो जसले विजय प्राप्त गर्दछन्, उनीहरूले आ-आफ्नो ठाउँबाट उदाहरणीय काम गर्नसक्ने र अन्य निकायमा भएका भ्रष्टाचारलगायतका जनविरोधी कामहरूको भण्डाफोर गर्नसक्ने अवस्था पनि रहेको छ ।*

अग्रलेख



● डा. केशव देवकोटा

यस पटकको स्थानीय तहको निर्वाचनमा को उठे, कसले कसलाई उठाए भन्दा पनि यसले वर्तमान संसदीय व्यवस्थाको चरित्रलाई राम्रैसँग उजागर गर्ने प्रयास गरेको देखिएको छ । किनकि स्थानीय निकाय भनेकै यो व्यवस्थाको जग हो । राजनीति गर्नेहरूले जनतालाई ढाँटेर कसरी मत प्राप्त गर्दछन् र सत्ता र शक्तिमा पुगेपछि के-के गर्दछन् ? भन्नेबारेमा पनि यो निर्वाचनले राम्रोसँग स्पष्ट गर्ने छ । अहिलेको निर्वाचनको एउटा पक्ष भनेको नेपाली कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धन पनि हो । यो गठबन्धन के हो भन्ने बुझ्नका लागि सबैभन्दा पहिले यसको निर्माणका बारेमा बुझ्नु पर्दछ । नेपाली कांग्रेसको नेतृत्वमा बनेको पाँच दलीय गठबन्धनमा माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा र राष्ट्रिय जनमोर्चा कसरी गोलबद्ध भइरहेका छन् भन्ने मुख्य विषय हो । यो गठबन्धन विवादास्पद अमेरिकी योजना एमसीसी नेपालको संसद्बाट पारित गराउनका लागि तत्कालीन एमाले नेतृत्वको सरकारले आलटाल गरेर नयाँ निर्वाचनमार्फत् एक वर्ष थप लम्ब्याउन खोजेपछि तत्कालीन नेकपाको सरकारलाई भङ्ग गरेर यो सरकार बनाइएको हो । भन्नका लागि यो सरकारको गठन ०७२ को संविधानको रक्षाका लागि भएको भन्ने गरिए पनि यथार्थमा यो सरकार बहुँदलीय संसदीय व्यवस्थाको मूलमर्म अर्थात दलीय व्यवस्थाको मर्म, मर्ममाथि प्रहार गरेर गठन गरिएको हो । यसले केही व्यक्ति र समूहहरूको निहित स्वार्थका लागि संसदीय बहुँदलीय व्यवस्थाकै हुर्मत लिने काम गरिरहेको स्पष्ट छ ।

जसरी एउटा पार्टीको संसदीय दलको नेतालाई अन्य दलका सांसदहरूले दल बदलका माध्यमबाट समर्थन गरेर देशको कार्यकारी प्रमुख प्रधानमन्त्री बनाउने काम गरेर त्यसैलाई वैधानिकता प्रदान गरे, त्यसले बहुदलीय संसदीय व्यवस्थाको मूलमर्ममाथि नै प्रहार भएको छ । सो घटनाले विद्यमान संविधान निष्प्रभावी भइसकेको अवस्था हो । यो पाँच दलीय गठबन्धनले यस पटक आफूहरूका बीचमा केन्द्रीय तहबाटै चुनावी तालमेल गर्ने प्रयास गरे पनि स्थानीयस्तरबाट धेरै ठाउँमा त्यसको उल्लंघन र कतिपय स्थानमा विद्रोहसमेत भएको छ । पाँच दलीय गठबन्धनका मुख्य नेताहरूले कतिपय स्थानमा जबरजस्त आफन्तलाई उम्मेदवार बनाउने प्रयास गरेका घटनाहरू पनि देखिएका छन् । नेकांका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन अथक प्रयास गरेको गुण तिर्ने प्रयास गर्दा चितवनमा नेपाली कांग्रेसको पार्टी संगठनमै भूइँचालो गएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले निहित स्वार्थका लागि नेपाली कांग्रेससँग सहकार्य गरेको र सो सहकार्यका कारण सो पार्टीमा आन्तरिक असन्तोष बढेर गएको देखिएको छ । देशभर विद्रोही उम्मेदवार उठ्नेहरूको संख्या नेकां र माओवादी केन्द्रका बढी हुनुले पनि उपरोक्त कुराको पुष्टि गरेको छ ।



अहिले एमाले आगामी स्थानीय निर्वाचन एक्लै लड्ने घोषणा गरे पनि विभिन्न स्थानमा राप्रपादेखि नेपाली कांग्रेससँग समेत चुनावी तालमेल गरेको देखिएको छ । राप्रपा नेपाल र परिवार दलगायतका कतिपय दक्षिणपन्थी पार्टी र शक्तिका उम्मेदवारहरूले त एमालेको चुनाव चिन्ह सूर्यको प्रयोग गर्दैछन् र सोही पार्टीको सिफारिसमा उम्मेदवारी दाखिला गरेका छन् । निर्वाचन आयोगले समेत उनीहरूलाई जुन पार्टीको सिफारिसमा उम्मेदवार भएको हो, सोही पार्टीको उम्मेदवारका रूपमा मात्र चिन्ने भनिसकेको अवस्था छ ।

> *यो निर्वाचनलाई माध्यम बनाएर शोषित पीडित नेपाली जनतालाई संगठित र प्रशिक्षित गर्नुपर्नेमा त्यसमा कमी आएको देखिन्छ । हालको अवस्था भनेको संसदीय राजनीतिका निर्वाचन मञ्चहरूलाई प्रयोग गरेर सो व्यवस्थाका कमीकमजोरी र नेपाली जनताले तय गर्नुपर्ने परिवर्तनकारी बाटोकाबारेमा जानकारी दिनु नै हो ।*

एमालेले यस पटक सार्वजनिक गरेको घोषणापत्र, विभिन्न स्थानमा उठाएका उम्मेदवार र चुनाव प्रचारको शैलीले गर्दा सो पार्टीसमेत वामपन्थी नरहेको स्पष्ट गरेको छ । एमालेले माओवादी केन्द्र र एकीकृत समाजवादीका अध्यक्षहरूलाई राजावादी नेता डा. केशरजंग रायमाझीसँग दाँजेको छ भने उक्त दुई पार्टीका नेताहरूले एमालेका खासगरी अध्यक्ष केपी ओलीको व्यक्तिगतरूपमा आलोचना गर्ने गरेको देखिएको छ । उनीहरूले अन्य दलहरूसँग वैचारिक संघर्ष सञ्चाल नगर्ने प्रयाससम्म पनि गरेका छैनन् । उनीहरूले देशको विकास र परिवर्तको मुद्दालाई समेत ठीक ढंगले उठाउन नसकेको स्पष्ट हुन्छ ।

निर्वाचनको तेस्रो पक्ष भनेको नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा हो । जसले देशका विभिन्न स्थानमा स्वतन्त्ररूपमा केही जनपक्षीय उम्मेदवारहरू खडा गरेको देखिएको छ । नेकां र माओवादी केन्द्रलगायतका दलहरूले नेकपाले निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न चाहेको खण्डमा निर्वाचन आयोगलाई अनुरोध गर्न सकिने बताएका थिए तर, नेकपाले निर्वाचन प्रयोजनका लागि पार्टी दर्ता गर्न पाएन । सो पार्टीले देशका विभिन्न भागमा स्वतन्त्ररूपमा जनपक्षीय उम्मेदवार खडा गरिदिँदा खासगरी आफूलाई कम्युनिष्ट पार्टी भएको दाबी गर्दै आएका माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चालाई ठूलो चुनौती देखापरेको छ । किनकि माओवादी केन्द्रले आफ्नो घोषणापत्र नै सार्वजनिक गरेको छैन भने एकीकृत समाजवादी र राजमोले संक्षिप्त घोषणापत्र सार्वजनिक गरे पनि त्यसमा विचार पक्षलाई कुनै स्थान दिएका छैनन् । नेकपाका तर्फबाट यसरी खडा भएका उम्मेदवारहरूले देशीय सामन्तवाद र विदेशी साम्राज्यवादको खुलेर विरोध गरेको देखिएको छ । जसले गर्दा धेरैको ध्यान नेकपाको पहलमा भएका जनपक्षीय उम्मेदवारीतर्फ आकर्षित हुन थालेको छ ।

नेकपाले निर्वाचन जित्नका लागि नभएर देशको वास्तविक स्थितिका बारेमा सर्वसाधारण जनतालाई प्रशिक्षित गर्नका लागि यो निर्वाचनको प्रयोग गरेका कारण अन्य संसदवादी दलहरूलाई यो निर्वाचन कठिनभन्दा कठिन हुने अवस्थाको सिर्जना भएको छ । यो निर्वाचनमा नेकपा माले र नेमकिपालगायतका अन्य कम्युनिष्ट पार्टीहरूले पनि विभिन्न निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका समाचारहरू बाहिर आएका छन् । उनीहरूले राष्ट्र र राष्ट्रियताका साथै जनताका जल्दाबल्दा कुराहरू उठाए पनि उनीहरूको उम्मेदवारी सकेसम्म जित्नका लागि हो । उनीहरूले जित्नका लागि अन्य संसद्वादी दलहरूले प्रयोग गर्ने चुनावी हथकण्डासमेत प्रयोग गर्नसक्ने अवस्था रहेको छ ।

निर्वाचनमा क्रान्तिकारी माओवादीलगायतका केही कम्युनिष्ट पार्टीहरूले निर्वाचनको सक्रिय बहिष्कार गर्ने नीति लिएका छन् । तर, उनीहरूको बहिष्कारको शैली पुरानो भएका कारण सो अभियान अपेक्षितरूपमा सफलतातर्फ अगाडि बढिरहेको देखिन्न । यो निर्वाचनलाई माध्यम बनाएर शोषित पीडित नेपाली जनतालाई संगठित र प्रशिक्षित गर्नुपर्नेमा त्यसमा कमी आएको देखिन्छ । हालको अवस्था भनेको संसदीय राजनीतिका निर्वाचन मञ्चहरूलाई प्रयोग गरेर सो व्यवस्थाका कमीकमजोरी र नेपाली जनताले तय गर्नुपर्ने परिवर्तनकारी बाटोकाबारेमा जानकारी दिनुनै हो ।

यस पटक नेकपाले अप्रत्याशितरूपमा देशका विभिन्न स्थानमा स्वतन्त्ररूपले जनपक्षीय उम्मेदवार उठाएका कारण अन्य दलहरूलाई निर्वाचन महँगो पर्ने अवस्था सिर्जना हुँदै गएको छ । उनीहरूले अब विभिन्न प्रलोभन दिएर निर्वाचनको परिणामलाई सहजै आफ्नो पक्षमा पार्न नसक्ने अवस्था पनि सिर्जना भएको छ । जनपक्षीय उम्मेदवारका रूपमा उठेर जो जसले विजय प्राप्त गर्दछन्, उनीहरूले आ-आफ्नो ठाउँबाट उदाहरणीय काम गर्नसक्ने र अन्य निकायमा भएका भ्रष्टाचारलगायतका जनविरोधी कामहरूको भण्डाफोर गर्नसक्ने अवस्था पनि रहेको छ । विप्लव नेकपाको जनपक्षीय उम्मेदवार उठाउने र चुनावी मञ्चलाई राजनीतिक प्रचारको माध्यम बनाउने योजना सफल भएको खण्डमा यसले देशको राष्ट्रिय राजनीतिमा नै एउटा अलग्गै परम्पराको थालनी गर्ने देखिन्छ ।

## सामाजिक सञ्जाल



- इला शर्मा

सामान्य शिष्टाचारको पालना नगर्ने, नियम अनुशासनको पालना नगर्ने, आफ्ना कार्यकर्तालाई जथाभावी गर्न प्रोत्साहन गर्ने उम्मेदवारबाट मतदाताले के आशा राख्ने ? त्यस्ता उम्मेदवारलाई जुनसुकै पार्टीका भएपनि मतदाताले बहिष्कार गर्नुपर्छ । अनि लाउडस्पीकर, भोजभतेर, पैसा बाँड्ने क्रम रोकिन्छ ।



- नारायण अमृत

चुनावका बेला कुनै पनि नेताले धम्कीको भाषा बोल्छ भने बुझ्नुस्, त्यो नेता विचलित छ । उसलाई लोकतन्त्रदेखि डर छ । यसको सौन्दर्यसँग भयवित छ । लोकतन्त्रमा जनता धम्काउनू खेदजनक छ ।



- खगेन्द्र संग्रौला

विप्लव गुटले हेमन्त-धर्मेन्द्र गुटलाई, हेमन्त-धर्मेन्द्र गुटले विप्लव गुटलाई पार्टीबाट निकाला गरेछन् । पुराना गुरूहरूको सिको गरेर यसरी निकाल्दै र निकालिँदै जाँदा आखिरमा बाँकी रहने लिन्ठिङ्ङ ख्याउटे गुट हो । जसलाई गठबन्धनले नाथे एउटा स्थानीय निकाय प्रमुख पनि दिएन ।



- किशोर पौडेल

अपराध गर्नेलाई तत् समयमै अनुसन्धान गरि कारबाही गर्दा हुँदैन ? अहिले केशब स्थापितको उठाइएको छ, अबको निर्वाचनमा प्रभु साह, शरदसिह भण्डारी, देवेन्द्रराज कँडेल, शेरधन राईहरूको पनि उठाउँदा निर्वाचनमा त प्रभाव पर्ला तर, हामीले खोजेको दण्डहिनताको अन्त्यको बाटो बन्न सक्दैन ।




- राजेन्द्र बानिया

एकजना ज्योतिषी छन् मेरा गाउँतिर असाध्यै मीठो बोल्ने । उखान टुक्का जोडेर बोल्न माहिर । तर "७५ सालतिर पुषमा रेल चडेर जान टिकट काट्न बुढाले गर्‍या भविष्यवाणी फेल खायो । अहिले फेरि असार १७ मा सत्ता उलट्फेर हुन्छ भनेका छन् । पत्याउनु कि नाईं ?

# परिवर्तनको आशा

विचार



● उपेन्द्र झा

नेपाल हिमाल, पहाड र तराई गरी तीन भूगोलको सामाजिक संरचना विविधतायुक्त छ । भौगोलिक जटिलताका कारण सामाजिक विकासको गति एकनाशको छैन । विकासको पहुँचभन्दा बाहिर रहेका समुदाय प्रजातन्त्र पुनर्स्थापना पश्चात् पनि अधिकांशरूपमा समेटिन सकिएको छैन । धर्म, संस्कृति, रूढिवादी विचार तथा किंबदन्ती परम्परामा आधारित हाम्रा पौराणिक समाज विश्वको बदलिदो परिवेशमा मन्दगतिबाट बदलिने प्रयास त गर्‍यो तर पहुँचभन्दा बाहिर रहेका समुदायको अपेक्षाबमोजिम परिवर्तन आउन सकेन ।

- यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत् सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज - Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।
  +९७७-९८०१००४३४५ grievance@titanicmanpower.com

**If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page –**
Titanic Manpower Supplier +977-9801004345 grievance@titanicmanpower.com

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोननंहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ । (Pre-interview is on going.)**
**फाईनल अन्तर्वार्ता टाइटानिक अफिस, बसुन्धारा चौकी, काठमाडौंमा २०७९ जेठ २ गतेमा हुनेछ ।**
**Final interview will be held on TITANIC office, Basundhara Chauki, Kathmandu on 16 May 2022.**

TITANIC Ethical Recruitment Agency Since 2002
ISO 9001:2015 Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा. लि.**
**(Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजत पत्र नं.: २८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)
बसुन्धरा चौकी, काठमाण्डौ, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
info@titanicmanpower.com www.titanicmanpower.com


## बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,

**ढुंखर्क, काभ्रेपलाञ्चोक**
**बाग्मती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०७९।०१।२५**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको मिति २०७८।१२।१३ गते मध्यान्ह दैनिकमा प्रकाशित तपशिलमा उल्लेखीत राष्ट्रिय स्तरियको बोलपत्रको सुचना अनुसार मिति २०७९।०१।१३ गते दिनको १२:०० सम्म Electronically Bid Submit को माध्यम द्धारा दर्ता भएका बोलपत्रको मुल्यांकन गर्दा तपशिलमा उल्लेख भए बमोजिमका बोलपत्रदाताहरु न्युनतम मुल्यांकित भइ सारभुत रुपमा प्रभावग्राही समेत देखिएको र खरिद सम्झौता गर्न मूल्यांकन समितिबाट सिफारिस समेत भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि उल्लेखित बोलपत्रदाता तथा यस कार्यमा Bid Submit/दर्ता गर्ने सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. कामको विवरण | बोलपत्रदाताको नाम | कबोल.अंक.रु (मू.अ.कर सहित) | स्वीकृत/ अस्वीकृत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७८/०७९/WORKS/१५ कपेर मन्दिर धार्मिक पर्यटकिय पूर्वाधार निर्माण | जि. एस. एस. कन्स्ट्रक्सन डराउनेपोखरी-५, काभ्रे | १,०७,१८,९४७४४ | स्वीकृत | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Thatikandh Rural Municipality
## Office of the Rural Municipality Executive

**Lakandra, Dailekh**
**Karnali Province, Nepal**

### Re-INVITATION FOR ONLINE BIDS

**Date of publication: - 08 May, 2022 (2079/01/25)**

1. Thantikandh Rural Municipality, Office of the Municipal Executive Office,Lakandra Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.
2. Bid Document can be downloaded from website www.bolpatra.gov.np/egp. Amendment (s), if any shall be issued only on above website.
3. Eligible Bidders may obtain further information at the office of peoples' Thatikandh rural Municapality Dailekh, website:thntikandhmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp .

| SN. | Contract ID | Description of Work | Estimated Cost Excluding VAT And ps (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity/ Bid Security Period/Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 05-TRM/NCB/ DWSP/2078/079 | Bisala Khanepani nirman Yojana Thatikandh Gaupalika 03 Dailekh . | 42,43,605.00 | 1,20,000.00 | 90days/ 120days/ 3000 |

**Kamal Prasad upadhaya**
**Chief Administrative Officer**

# नेपालको सानदार जित




**काठमाडौं/मस–** दोस्रो एकदिवसीय क्रिकेटमा नेपालले जिम्बावे 'ए'लाई पराजित गरेको छ। टियु क्रिकेट मैदानमा शनिबार भएको खेलले नेपालले जिम्बावे 'ए' लाई ९ विकेटले पराजित गरेको हो। जिम्बावेले दिएको ८८ रनको लक्ष्य नेपालले ११ ओभर २ बलमा १ विकेटको क्षतीमा ८९ बनाउदै लक्ष्य पुरा गरको थियो । नेपालको जितमा सुनिल धमलाले सर्वाधिक ३८ रन बनाएका थिए । आसिफ शेखले अविजित ३४ रन जोडे। विनोद भण्डारी ४ रनमा अविजित रहे। जिम्बावेका ब्राण्डन माभुताले १ विकेट लिए।

यस अघि टस हारेर पहिले ब्याटिङ गरेको जिम्बावे ३१ ओभर १ बलमा अलआउट हुँदै ८७ रन बनाएको थियो। नेपाली बलरको किफायती बलिङ गरेको खेलमा जिम्बावेका लागि जोनाथन क्याम्पबेलले २७ रन बनाए । ब्राड इभान्स २० रन अविजित रहे। सेफासले १० तथा लुक जोग्वेले ८ रन बनाए । नेपालका सोमपाल कामी र करण केसीले ३/३ विकेट लिए। सन्दीप लामिछानेले २ तथा सागर ढकालले १ विकेट लिएका थिए।

जितसँगै नेपालले पहिलो खेलमा व्यहोरेको हारको बदला लिएको छ । शुक्रबार भएको पहिलो खेलमा जिम्बावेले नेपाललाई ३ विकेटले हराएको थियो। नेपालले तीन खेलको सिरिजमा १-१ को बराबरी समेत गरेको छ। अन्तिम तथा तेस्रो एकदिवसीय सोमबार हुनेछ।

आईसीसी पुरुष क्रिकेट विश्वकप लिग टु अन्तर्गत अमेरिकामा हुने त्रिकोणात्मक एकदिवसीय सिरिजको तयारीमा स्वरूप नेपालले जिम्बावे 'ए' सँग सिरिज खेलिरहेको हो । यस अघि भएको तीन खेलको टी-ट्वान्टी सिरिज १-१ को बराबरीमा सकिएको थियो।

# 'लोगो' र 'मस्कट' सार्वजनिक




**काठमाडौं/मस–** नवौं राष्ट्रिय खेलकुद-२०७९ को 'लोगो' र 'मस्कट' सार्वजनिक गरिएको छ। राष्ट्रिय खेलकुद परिषद्ले शनिबार आयोजना गरेको कार्यक्रममा खेलकुदमन्त्री महेश्वर गहतराज, राखेपका सदस्यसचिव टङ्कलाल घिसिङले लोगो र मस्कट सार्वजनिक गरेका हुन्।

प्रतिस्पर्धाबाट भोलानाथ पौडेलले डिजाइन गरेको लोगो र मस्कट छनोट भएको हो। लोगोमा गण्डकी प्रदेशको राजधानी पोखरा र माछापुच्छ्रेलाई रेखाकृतिमा देखाइएको छ। त्यसतल आकाशे निलो रेखाले शान्तिको प्रतीक परेवालाई प्रतिविम्बत गरेको छ। रातो रङको चार धर्साले परेवाको खुट्टा दर्शाइएको छ।

चार धर्साले खेल मैदानको ट्रेकका साथै गण्डकी प्रदेशको साविकको ४ नं प्रदेशलाई दर्शाएको छ । ट्रेकमा रहेको चन्द्रसूर्यले राष्ट्रिय ध्वजालाई प्रतिविम्बित गर्नुका साथै सहभागी सबै टोलीको प्रतिनिधित्व गर्ने युवा तथा खेलकूद मन्त्रालयले जनाएको छ।

यस आकृतिको तलका दुई हरफले राष्ट्रिय खेलकुदको संस्करण र साल एवं उक्त प्रतियोगिता हुने स्थान अनि प्रदेशलाई बुझाएको छ । नवौं खेलकुदको 'मस्कट' मा गण्डकी प्रदेशमा पनि पाइने लोपोन्मुख तथा संरक्षित प्रणाली कस्तुरी मृगको आकृति समावेश गरिएको छ।

कोरोना महामारीका कारण रोकिएको नवौं राष्ट्रिय खेलकुद आगामी जेठ २२ देखि २८ गतेसम्म गण्डकी प्रदेशको राजधानी पोखरामा हुँदैछ । गत चैत ३० गतेको मन्त्रिपरिषद् बैठकले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता गण्डकी प्रदेशको पोखरामा आयोजना गर्ने निर्णय गरेको थियो।

प्रत्येक दुई वर्षमा आयोजना हुनुपर्ने राष्ट्रिय खेलकुदको नवौं संस्करण २०७७ मा आयोजना गर्नुपर्ने थियो। विश्वव्यापी रुपमा फैलिएको कोभिड सङ्क्रमणका कारण खेलकुद स्थगित भएको थियो । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी जेठमा आयोजना गर्न खेलकुद मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लगेको थियो।

# ग्रिन भिलेजलाई उपाधि

**काठमाडौं/मस–** प्रथम ब्राइट फ्युचर एसईई कप छात्र फुटसल प्रतियोगिताको उपाधि ग्रिन भिलेज फाउन्डेसनले जितेको छ। नैकापस्थित ब्राइट फ्युचर सेकेन्डरी स्कुल प्लस टु विभागद्वारा आयोजित प्रतियोगिताको फाइनलमा ग्रिन भिलेजले यशस्वीलाई ६-२ गोलले पराजित गरेको हो । विजयी टिमका लागि कप्तान समिर बोहरा एक्लैले ४ गोल गरेका थिए। सारुन कुँवर र जेनिश बस्नेतले १-१ गोल थपे। यशस्वीका धननाथ ढुंगेलले २ गोल फर्काएका थिए।

विजेताले २५ हजार नगदसहित ब्राइट फ्युचरमा प्लस २ अध्ययनका लागि पूर्ण छात्रवृत्ति पाए। दोश्रो भएको यशस्वीले १५ हजार नगदसाथ प्लस २ मा भर्ना हुन ५० प्रतिशत छात्रवृत्ति प्राप्त गऱ्यो । ग्रिन भिलेजका समिर प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित भए । प्रतियोगिताभर ८ गोल गरेका नेपाल राष्ट्रिय माविका होमराज नेगी सर्वाधिक गोलकर्ता बने। ग्रिन भिलेजका नितेश बस्नेत उत्कृष्ट गोलरक्षक चुनिए । ध्रुव तारा अनुशासित टिम ठहरियो । चारै विधालाई ५ हजार नगदसहित प्लस २ अध्ययनका लागि पूर्ण छात्रवृत्ति उपलब्ध गराइयो।

विजेतालाई प्याब्सनका केन्द्रीय अध्यक्ष डिके ढुंगाना, राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान विराज महर्जन, पूर्व राष्ट्रिय फुटबलर रमेश बुढाथोकी, ब्राइट फ्युचरका संस्थापक निर्देशक मोहन कार्की, ब्राइट फ्युचरका प्रिन्सिपल दयाराम थापा, ब्राइट फ्युचर प्लस २ विभागका प्रमुख श्याम महर्जन, नेपाल विद्यालय खेलकुद महासंघका महासचिव राजकुमार कार्की, जनार्जन ढुंगेललगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। तीनदिने नकआउट प्रतियोगितामा २५ टिम सहभागी थिए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०९/०३ मा दर्ता भएको प्रा.लि. नं. १६०२३६ को **चन्द्रज्योती प्याथोलोजी ल्याब प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

'Zero Cost Recruitment in Malaysia'
(मलेशियामा शुन्य लागतको रोजगार)
(Free Passport, Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free PCR. After Selection Free Transport, Free Food And Free Lodging)
(फ्रि राहदानी, फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिस चार्ज, फ्रि मेडिकल फ्रि पिसिआर । छनौट पछी फ्रि यातायात, फ्रि खाना र फ्रि आवास)

१. कम्पनी : GIMMILL INDUSTRIAL (M) SDN. BHD. शहर : MALAYSIA

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: Pre Approval Date: | २०७९/०१/२२ 2022/05/05 | चलानी नं.: Invoice No.: | ६०१७८९१४ 60178914 | एल टि नं.: L.T. No.: | २६२६९८ 262698 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker (Manufaturing Sec.) | १०० 100 | 0 | स. काममा दक्ष Proficient in related work | १,५०० 1500 | ४२,१३५ 42,135 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

२. कम्पनी : BLUEBERRY INDUSTRIES SDN BHD शहर : MALAYSIA

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: Pre Approval Date: | २०७९/०१/२२ 2022/05/05 | चलानी नं.: Invoice No.: | ६०१७८९१५ 60178915 | एल टि नं.: L.T. No.: | २६२६९९ 262699 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker (Manufaturing Sec.) | १०० 100 | 0 | स. काममा दक्ष Proficient in related work | १,५०० 1500 | ४२,१३५ 42,135 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examinatin Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the Medical Examinatin Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will Bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगार दाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

SUBAS HUMAN RESOURCES PVT. LTD. does not impose any Recruitment/Placement F ee For this Employment.
सुवास ह्युमन रिसोर्सेज प्रा. लि. ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।

Note - नोट:-
★ Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.
आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
★ We will not discriminate Workers or potential workers in any way.
(हामी कुनै पनि हिसाबले कामदारहरू वा सम्भाव्य कामदारहरू सँग भेदभाव गर्ने छैनौं ।)
★ No one is allowed to take or give away gifts or bribes from suppliers and customers.
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरूबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
★ We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.
(हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our Hotling Number Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो हटलाइनमा सिधा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईको गोप्नीयता सुनिष्चित राख्ने छौं ।)

We Declare that Subas Human Resources Pvt.Ltd. don't have branch and agent.
(सुवास ह्युमन रिसोर्सेज प्रा.लि. को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं ।)

Final Interview is going to conduct on 18 & 19 May 2022 in office premises.
(फाइनल अन्तर्वार्ता मिति २०७९ जेठ ४ र ५ गते यस कार्यालय परिसरमा हुनेछ ।)

Priority will be given to whom know how to sewing.
(सिलाई सम्बन्धी काम जानेकाहरूलाई विशेष प्राथमिकता दिईनेछ) ।

Information provided by the department of foreign employment (बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी) :- 1. Confirm that Visa is issued under your name. १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment . It will be easy to cantact when you get in trouble. २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement . ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । 4. Before going to the abroad you must compulsarily take orientation and induction trainings. ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । 5. Before going to the abroad you most go through agreement paper in details regarding, country, company, facilities and services, terms and condition of company and sign. You should keep its one copy. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । 6. While going abroad you must use international airport of our country, or else you might be deceived. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 7. If you want to know more about this advertisement do contact Department Foreign Employment, Buddhanagar. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SUBAS HUMAN RESOURCES
SUBAS HUMAN RESOURCES PVT. LTD.
सुबास ह्युमन रिसोर्सेज प्रा. लि.
श्रम इजाजत नं. ८४८/०६६/०६७
Bijuli Bazar, Kathmandu (बिजुली बजार, काठमाडौं) Hotline:5244743, (हट लाइन) : ५२४४७४३, Tel: 5244683, 5244681
फोन: ५२४४६८३, ५२४४६८१) Mobile: 9801059652/9801059654/9801057565, (मो: ९८०१०५९६५२, ९८०१०५९६५४, ९८०१०५७५६५
E-mail (इमेल) : adm@subasmail.com, pr@subasmail.com, Website (वेभसाईट).: Subashumanresources.com

हिमालय एअरलाइन्स्
HIMALAYA AIRLINES

CAREER OPPORTUNITY

Himalaya Airline's network presently consists of Doha, Dammam, Riyadh, Dubai, Dhaka and Kuala Lumpur sectors. Interested candidates are requested to send in applications for the following posts:

First date of publication : May 08, 2022

DEPARTMENT : FLIGHT OPERATIONS

TRE/TRI/ LTC | Vacancy Code : H9/FOD/0022022 | Required No. : 5 TRE, 5 TRI, 8 LTC

• Valid ICAO recognized Air Transport Pilots License • Minimum 4000 hours total flight time with at least 2000 PIC hours on jet aircraft with MTOW greater than 50000 kg • LTC should have approved instructor course certificate, should have a minimum of 1000 hours experience on A-320 series as LTC • TRE/TRI should have approved examiner/ instructor course certificate and must have a minimum 500 hours experience as a TRE/TRI in A320 International operations • English Language Proficiency 5 preferred but minimum 4 is mandatory • Candidate must have relevant course certificate

Line Captain (LC) A320 Type Rated | Vacancy Code : H9/FOD/0032022 | Required No. : 28

• Valid ICAO recognized Air Transport Pilots License • Minimum 4000 hours total flight time with at least 2500 hrs on MTOW greater than 50,000 kg aircraft • 500 HRS PIC on A320 series • English Language Proficiency 5 preferred but minimum 4 is mandatory

Please send in your updated resume, a copy of pp size photo, scanned copy (ies) of your qualifications & experience to vacancy@himalaya-airlines.com. It is mandatory to mention the vacancy code and position you are applying for, in the subject line. Only shortlisted candidates will be contacted. Phone calls will not be entertained. Deadline: 15 days from the first date of publication.

BAHARAIN मा रोजगार | कम्पनी : MAGNUM ENTERPRISES WLL शहर: BAHARAIN
पूर्व स्वीकृत मिति:२०७८/०१/२३ चलानी नं.:६०१७८९९६ LT. No.: 262718

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 24 | 0 | स. काममा दक्ष | 100 | ३२,२८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २ गते (16 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

WAW
World At Work Consultant Pvt.ltd.
श्रम ईजाजत पत्र नं. १४९९/०७४/०७५
Jayabageshwori-8, Kathmandu | Tel: 01-44596660 9841397451/9841207211/9851210146
Email: Gopalkoirala.waw@gmail.com, Www.waw@gmail.com

UAE मा रोजगार | कम्पनी: SANED FACILITY MANAGEMENT L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/११/२२ चलानी नं.: ६०१७५४६४ LT. No.: 259125 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 25 | 25 | सम्बन्धित काममा दक्ष | 800 | २६,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 100 | 30 | | 1600 | ५३,०२४ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ ।

फाईनल अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ १ गते (15 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९
Mobile: 9810101810, 9851100426 Email: futurestarmp397@gmail.com

साउदीमा रोजगार | कम्पनी : ASAWEER AL-MAARAF GENERAL CONTRACTING EST. शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/१०/०३ चलानी नं.: ६०१७३१२१ LT. No.:256226 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ १ गते (15 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

हेराल्ड ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोन: ४४७५३३९, ४४६८६९७, ४४७६६०३

कतारमा रोजगार | १. कम्पनी: VISION FOOD TRADING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०१/०९ चलानी नं.: ६०१७८९८७ LT. No.: 261924

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef Or Cook | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1600 | ५३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 1 | 1 | | 1400 | ४६,७१८ | | | | | | | |

२. कम्पनी: RAMEN RESTAURANT शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०१/०९ चलानी नं.: ६०१७८९९३ LT. No.: 261923

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1400 | ४६,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ५६,७२९ | | | | | | | |
| 3. | waiter | 1 | 0 | | 1400 | ४६,७१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ १ गते (15 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ब्लु बर्ड ओभरसिज प्रा. लि.
License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, Web : www.bluebirdoverseas.com

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई लिएर मुलुक निर्वाचनमय भएको छ । व्यवसायिक तथा कर्पोरेट क्षेत्रका व्यक्तिहरुले निर्वाचनको विषयलाई कसरी लिएका छन् ? प्रस्तुत छ, मध्यान्ह राष्ट्रिय दैनिकका सम्वाददाता **नारायण अर्याल**ले केहि प्रतिष्ठित व्यवसायीसँग लिएको प्रतिक्रिया :

# हाम्रोलाई होइन राम्रोलाई जिताऔं

स्थानीय तहको निर्वाचनमा मत हाल्ने दिन नजिक आइसकेको छ । तपाईंले कसरी सहभागिता जनाइरहनुभएको छ । हुन गइरहेको स्थानीय तहको निर्वाचनमा आम मतदातालाई तपाईंको सुझाव के रहेको छ ?



**■ ध्रुव थापा**
अध्यक्ष, नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपाल

चुनावमा हामी कुनै पार्टीमा प्रत्यक्ष सहभागी भएर लाग्दैनौ । चुनाव भनेको मुलुकको आर्थिक गतिविधिलाई पनि सहयोग पुऱ्याउने विषय हो । प्रजातान्त्रिक अभ्यासको क्रममा चुनावमा हाम्रो पनि कुनै न कुनै हिसाबले सहभागिता रहन्छ । आस्था भन्ने कुरा आफ्नो ठाउँमा छ ।

माथिल्लो तहको निर्वाचनमा पार्टी हेरेर मत हाल्ने कुरा ठिकै हुनसक्छ । स्थानीय तहको निर्वाचन भनेको हामीसँग प्रत्यक्ष जोडिएको हुने हुनाले यसको नतिजाले व्यक्ति, परिवार र समाजलाई पनि प्रत्यक्ष प्रभाव पार्छ । त्यसैले यो निर्वाचनमा पार्टी भन्दा व्यक्तिलाई हेरेर भोट हालौं । पार्टी भन्दा पनि देशलाई हेरेर भोट हालौं ।



**■ भवानी राणा**
पुर्व अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

निर्वाचन भनेको मुलुकको लोकतान्त्रिक विषय हो । चुनावमा हामी सहभागी हुनैपर्छ । भोट हालेर आफ्नो अधिकारलाई उपयोग गर्नुपर्छ ।

चुनावमा भोट हाल्ने नागरिकको संवैधानिक अधिकार हो । त्यसैले यसलाई हामीलाई उपयोग गर्नुपर्छ । स्थानीय निर्वाचन भनेको आफ्नो वडा, पालिका देखि जिल्लासम्मको नेतृत्व चयन गर्ने कार्यक्रम हो । जसले स्वच्छ विचारले आफ्नो स्थानीय तहको विकास गर्छ, त्यो उम्मेद्वारलाई भोट दिनुपर्छ ।



**■ राधा पोखेल**
अध्यक्ष, नेपाल पुँजीबजार लगानीकर्ता संघ

म अहिले काठमाडौं उपत्यकाभित्र नै छु । लगानीकर्ताहरुले पुंजीबजारलाई जसले राम्रो दृष्टिकोणले हेर्छ, त्यही उम्मेद्वारलाई सपोर्ट गर्ने हो । अहिलेसम्म यो पार्टी भनेर म लागेको छैन् ।

हामीले एकपटकलाई हेरौं न त भनेर आँखा चिम्लेर भोट हाल्ने गरेका छौं । हामीले पुंजीवजार मात्रै नभएर देशलाई नै हेरेर हाम्रोलाई भन्दा राम्रोलाई भोट दिउँ, ताकी अहिले हामीले अहिले गरेको गल्तिले गर्दा भोली किनारामा बसेर आँफैले किन यो नेतालाई भोट दिएछौं भनेर पछुताउने काम नगर्नेगरी भोट दिन आग्रह गर्दछु ।

# धमाधम मर्जरको बाटो रोज्दै इन्स्योरेन्स कम्पनी




**काठमाडौं/मस –** बीमा समितिले पुंजी वृद्धिको योजना ल्याएसँगै इन्स्योरेन्स कम्पनीहरुले मर्जर वा पुँजी वृद्धि गर्ने बाटो अवलम्बन गर्नुपर्ने भएको छ । बीमा कम्पनीहरूले तोकिएको समयमा नै पुँजी पुर्याउनु पर्ने भएको छ । पुँजी वृद्धिका लागि बीमा कम्पनीहरूले समय थप गर्न माग गर्दै आए पनि समिति भने समय थप नगर्ने पक्षमा उभिएको हो । बीमा कम्पनीको व्यवसाय बढाउन र अर्थतन्त्रमा योगदान पुरयाउनका लागि तोकिए बमोजिमको पुँजी १ वर्षभित्रमा नै पुर्याउनु पर्ने आवश्यकता रहेको समितिको भनाइ छ । साथै बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले पुँजी वृद्धिको लागि हकपद सेयरलाई प्राथमिकतामा नराख्न आग्रह गरेका छन् । जीवन बीमा कम्पनीहरूसँग 'बीमकको पुँजी वृद्धि तथा मर्जरसम्बन्धी अन्तरक्रिया कार्यक्रम' मा बोल्दै उनले सो आग्रह गरेका हुन् । उनले समितिले बीमा कम्पनीहरूको चुक्ता पुँजी वृद्धिको निर्णय गरेर बीमा व्यवसायलाई व्यवस्थित, विकसित र नियमित गर्न खोजेको उल्लेख गर्दै कम्पनीहरूले एक वर्षभित्र पुँजी वृद्धि गर्नै पर्ने बताए । समितिमा पुँजी वृद्धिको योजना बुझाएका कम्पनीमध्ये अधिकांश कम्पनीले हकप्रद र बोनस सेयरबाट पुँजी पुर्याउने योजना अघि सारेका छन् । १ वर्षको अवधिमा पुँजी वृद्धि गर्न सकिने आधार बोनस र हकप्रद सेयर भएको बीमकहरूको भनाइ छ । बोनस र हकप्रद सेयरलाई कम्पनीहरूले प्राथमिकतामा राखेका छन् भने मर्जरलाई अन्तिम विकल्पमा राखेका छन् । समितिले हाल बीमा कम्पनीहरूलाई हकप्रद सेयर जारी गर्न रोक लगाएको छ ।

समितिले बीमा कम्पनीहरूलाई फोर्स मर्जर नगरिने समेत बताएको छ । अध्यक्ष सिलवालले बीमा कम्पनीहरूलाई मर्जरको दबाब नदिएको र कम्पनीहरूबाटै मर्जरको कुरा सञ्चारमाध्यमलाई बताएका छन् । समितिले जारी गरेको जोखिममा आधारित पुँजीसम्बन्धी निर्देशिका आगामी २०८१ सालदेखि पूर्णरूपमा लागू गरिने र जसका लागि थप पुँजी आवस्यक पर्नसक्ने अध्यक्ष सिलवालको भनाइ छ । सो पुँजी कम्पनीहरूले आगामी चैत मसान्तसम्ममा पुऱ्याइसक्नु पर्ने छ । समितिले गत चैत १० गते एक महिनाभित्र बीमा कम्पनीहरूलाई पुँजी वृद्धिको योजना पेश गर्न निर्देशन दिएको थियो । समितिको निर्देशन अनुसार २०८० सालको असार भित्र जीवन बीमा कम्पनीले न्यूनतम ५ अर्ब रुपैयाँ र निर्जीवन बीमा कम्पनीले न्यूनतम साढे २ अर्ब रुपैयाँ चुक्ता पूँजी पुर्याउनु पर्नेछ ।

कम्पनीहरु मर्जर र पुँजी वृद्धिको बाटोमा

बीमा कम्पनीहरूलाई पुँजी वृद्धि वा मर्जरका लागि सहजीकरण गरिने समितिले बताएको छ । बिहीबारमात्रै हिमालयन जनरल इन्स्योरेन्स र एभरेष्ट इन्स्योरेन्सबीच मर्जरमा जाने सहमति भएको छ । दुई कम्पनीबीच समझदारी पत्र (एमओयु)मा हस्ताक्षर भएको हो । त्यस्तै युनियन लाइफको साधारणसभाले पनि मर्जरमा जाने प्रस्ताव पारित गरेको छ । आइएमई लाइफको चौथो वार्षिक साधारणसभाले मर्जरमा जानको लागि सञ्चालक समितिलाई अख्तियारी दिएको छ । त्यस्तै २४ बीमा कम्पनीले बुझाए पुँजी वृद्धिको योजना बुझाएका छन् । बीमा समितिका अनुसार बैशाख ११ गते अन्तिम दिनसम्ममा १२/१२ वटा जीवन र निर्जीवन बीमा कम्पनीले पुँजी वृद्धिको योजना बुझाएका हुन् । पुँजी वृद्धिको योजना बीमा समितिमा पुर्याउने १२ जीवन बीमा कम्पनीहरुमा लाइफ इन्स्योरेन्स, नेशनल, एशियन, सूर्या, मेटलाइफ, सानिमा, गुराँस, सिटिजन, महालक्ष्मी, रिलायन्स, सन नेपाल लाइफ र आईएमई लाइफ इन्स्योरेन्स कम्पनी रहेका छन् । पुँजी वृद्धिको योजना बुझाएका निर्जिवन बीमा कम्पनीहरुमा शिखर इन्स्योरेन्स, नेपाल इन्स्योरेन्स, सगरमाथा, एभरेष्ट, सानिमा जनरल, आईएमई जनरल, प्रुडेन्सियल, नेको, लुम्बिनी जनरल, अजोड, जनरल र यूनाईटेड इन्स्योरेन्स रहेका छन् ।

# यूनियन लाइफको साधारणसभा सम्पन्न

**काठमाडौं/मस –** यूनियन लाइफ इन्स्योरेन्स कम्पनीको चौथो बार्षिक साधारणसभा सम्पन्न भएको छ । कम्पनीले आर्थिक बर्ष २०७६-७७ को बार्षिक साधारणसभा सम्पन्न गरेको हो । सभाले कम्पनीको संस्थापक समूह तर्फ शुलभ अग्रवाल, संदिप कुमार अग्रवाल, जीवन कुमार अग्रवाल, सिमा गोल्छा र सर्वसाधारण समूह तर्फ सिताराम अग्रवाल र सचिन आचार्यलाई निर्विरोध चयन गरेको छ । निर्वाचित संचालकहरुको आजै बसेको संचालक समितिको बैठकले संचालक शुलभ अग्रवाललाई अध्यक्षमा चयन गरेको छ ।

सभाले संचालक समितिको बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र लेखापरीक्षकको नियुक्ती सर्वसम्मत रुपमा गरेको छ । सभाले प्रमुख कार्यकारी अधिकृत र स्वतन्त्र विज्ञ संचालकको नियुक्ति सर्वसम्मतीले अनुमोदन गरेको छ । सभाले बीमा समितिले तोकेको समय भित्र ५ अर्ब चुक्ता पूँजी पुऱ्याउन अन्य जीवन बीमा कम्पनीबच एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ती गर्ने एक्विजिशन) गर्ने कार्यको लागि संचालक समितिलाई अख्तियारी दिएको छ । बीमा समितिले २०७९ चैत्र मसान्त भित्र जीवन बीमा कम्पनीको चुक्ता पूँजी ५ अर्ब पुऱ्याउन निर्देशन दिएको थियो । कम्पनी मर्जरको लागि बिस्तृत लेखा परीक्षण (डिडिए) गर्नका लागि मुल्यांककर्ता नियुक्त गर्ने प्रयोजनको लागि पनि सभाले संचालक समितिलाई अख्तियारी दिएको छ ।

# उद्योग व्यवसाय गर्ने वातावरण बनाउने नेतृत्व स्थानीय तहमा आउनुपर्ने

**काठमाडौं/मस –** राष्ट्रिय उद्योग व्यवसाय महासंघका अध्यक्ष एलपी साँवालिम्बूले देशमा शान्ति र स्थायित्व कायम भए मात्र उद्योग व्यवसाय गर्ने वातावरण बन्ने बताएका छन् । महासंघको स्थापना दिवसका अवसरमा आज आयोजना गरिएको कार्यक्रममा उनले मुलुकको शान्ति र स्थायित्वका लागि स्थानीय तहदेखि नै वातावरण बनाउनुपर्ने बताएका हुन् । वैशाख ३० गते तय भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हुने नेतृत्वले उद्योग व्यवसायका लागि स्थानीय तहबाटै उचित वातावरण बनाउन सक्ने कार्यसूची भएको पार्टीलाई मतदान गर्नुपर्ने उनको भनाइ थियो ।

तत्कालीन नेकपा (एमाले) को नेतृत्वको सरकारका पालामा तराईमा सशस्त्र द्वन्द्व गरिरहेको सिके राउतको समूह, नेत्रविक्रम चन्द विप्लव नेतृत्वको पार्टीलगायतलाई राजनीतिक धारमा आएर मुलुकमा शान्ति स्थापना भएको र मुलुकको दिगो शान्तिका लागि आगामी दिनमा पनि वातावरण बनाउनुपर्ने उनको भनाइ थियो । महासंघका उपाध्यक्ष बालकृष्ण सिवाकोटीले मुलुकको अर्थतन्त्र कमजोर बन्दै गइरहेको अवस्थामा स्थानीय तहदेखि नै दिगो विकास र व्यवसायका लागि काम गर्ने नेतृत्व चयन गर्नुपर्ने धारणा व्यक्त गरे । महासंघको सात वटै प्रदेश, ७७ जिल्ला, सबै पालिका र १० वस्तुगत सङ्घमा सञ्जाल रहेको जनाइएको छ ।

# नार्कले विकास गऱ्यो ७२३ जातका बीउ



**काठमाडौं/मस –** नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले ८० बाली वस्तुका ७२३ जात विकास गरेको छ । नार्क स्थापना भएको ३१ औं वार्षिकोत्वसवका अवसरमा शनिबार आयोजित पत्रकार सम्मेलनमा नार्कका कार्यकारी निर्देशक डा. दीपक भण्डारीले नार्क स्थापना भएपछि धानको १५६, मकैको ८९, गहुँको ३६ र अन्य बालीको ३६५ नयाँ जातको विकास भएको छ ।

सरकारले नार्कको स्थापना विसं २०४८ मा गरेको थियो । स्थापनाअघि धानको ३२, मकैको १२, गहुँको १९ र अन्य बालीको ४६ थरीका बीउबाट खेती गरिँदै आएको थियो । नेपालमा उत्पादन बढाउन किसानले धेरै जसो वर्णशंकर बीउको प्रयोग गर्छन् । त्यस्ता बीउ भारतलगायत अन्य मुलुकबाट आयात हुन्छ । यहाँ नयाँनयाँ जातका बीउको उन्मोचन भए पनि बीउको परनिर्भरता भने घटेको छैन । विसं २०६९ को भन्सार विभागको तथ्यांकमा झन्डै ५५ करोडको धानको बीउको आयात भएको उल्लेख छ ।

त्यसो त पछिल्लो पटक, नेपाल अन्नबालीमा मात्र नभई फलफूल तथा तरकारी बालीका बीउमा समेत परनिर्भर हुन थालेको छ । किसान बीउ रोज्न र खोज्न बीउ बिजन बिक्री गर्ने विभिन्न पसलमा पुग्छन् । विभिन्न थरीका बहुराष्ट्रिय कम्पनीले बिक्री वितरणमा ल्याएको नक्कली बीउका कारण सरकारले क्षतिपूर्ति व्यहोर्दै आएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

शम्भुनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी
मधेस प्रदेश, नेपाल

नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरु
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।
२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।
३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।
४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।




प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ